# जिल्ला विकास समिति काठमाण्डौले आव २०७०/७१ मा गरेको कामहरुको सामाजिक परीक्षणको प्रतिवेदन

पेस भएको

## जिल्ला विकास समितिको कार्यालय

*ववरमहल, काठमाण्डौ ।*

पेस गर्नेः


# नेपाल वातावरण संरक्षण केन्द्र

*मध्य वानेश्वर, काठमाण्डौ*

*फोनः ४४३५३१२, फ्याक्सः ४४३५३१२*

*ईमेल : **nepckathmandu@gmail.com***

**अध्ययन टोलिः**

टोलि नेता–सुवासचन्द्र ढकाल

# विषय सूची


विषय ....... पेज
अध्ययन टोलि: ....... ख
विषय सूची ....... ग
सारांस: ....... ङ
अध्ययाय: १ भुमीका ....... १
१.१ सामाजिक परीक्षण परिचय ....... १
१.२. सामाजिक परिक्षणको औचित्य ....... १
१.३ काठमाण्डौ जिल्ला र जिल्ला विकास समिति काठमाण्डौ ....... २
१.३. सामाजिक परिक्षणको उदेश्य ....... २
१.४. सामाजिक परीक्षणको विषयगत क्षेत्र ....... ३
अध्ययाय: २ अध्ययन विधि र प्रकृया ....... ४
२.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा ....... ४
२.२ जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल ....... ४
२.३ अन्तवार्ताको लागी प्रश्नावलीको तयारी ....... ४
२.४ अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल ....... ४
२.५ प्रतिवेदन प्रस्तुति तथा छलफल ....... ५
२.६ प्रारम्भिक प्रतिवेदन तयारी ....... ६
२.७ अध्ययनको समय रेखा ....... ६
अध्ययाय ३ अध्ययनको परिणाम र विश्लेषण ....... ७
३.१ महिला, बालबालिका तथा समावेशी क्षेत्र ....... ७
३.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र ....... ११
३.२.१ गरिवीको अवश्था ....... ११
३.२.२ सामाजिक परिचालन र जनचेतना ....... १२
३.२.३ सामाजिक विकृति निर्मुल ....... १४
३.२.४ सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) को यथोचित सम्वोधन ....... १५
३.२.५ बाल श्रमको अवस्था ....... १७
३.२.६ गरिवी निवारणका प्रयासहरू ....... १७
३.३ विकासमा समान सहभागीताको क्षेत्र ....... २४
३.३.१ जिल्ला विकास समिति ....... २४
३.३.२ विषयगत कार्यालयहरु ....... २४
३.३.३ गैर सरकारी संस्थाहरु ....... २५

३.४ सेवा सुविधामा पहुंचको क्षेत्र ................ २६
३.४.१ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवामा पहुंच ................ २६
३.४.२ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवाको उपलब्धता ................ २६
३.४.३ शिक्षा सेवाको वितरण र यसको पहुंच ................ २८
३.४.४ कृषि सेवा संस्थाहरुको वितरण सेवामा पहुंच ................ २९
३.४.५ पशु सेवा संस्थाहरुको विरतरण र सेवामा पहुंच ................ ३०
३.५ जिल्लामा विकाको लागी देखा परेका समश्याहरु र समाधानका उपायहरु ................ ३१
३.५.१ जिल्ला विकास कार्यक्रमका सवल, कमजोर पक्ष, अवसर र चुनौतीहरु ................ ३१
३.५.२ जिल्ला विकास समितिको मुख्य समश्याहरु र सामधानको प्रयासहरु ................ ३२
३.५.३ जिल्ला विकास समितिवाट सेवा प्रवाहलाई प्रभावकारी वनाउन चालिएका कदमहरुः ................ ३२
३.६ सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव ................ ३३
अध्ययाय ४ निश्कर्ष र सुझाव ................ ३६
४.१ निश्कर्ष ................ ३६
४.२ सुझावहरु ................ ३७
अनुसुचीहरु ................ ३९
अनुसुचीः १ सुचना संकलनको लागी तयार गरिएको प्रश्नावली ................ ३९

**सारांसः**

स्थानीय शासन ऐन २०५५ र नियमावली २०५६ र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट तयार गरिएको सामाजिक परीक्षण कार्यविधि २०६७ मा उल्लेख भए वमोजिमको प्रकृया अवलम्वन गरी यो प्रतिवेदन तयार भएको छ । यस प्रतिवेदनमा ४ अध्ययायहरु रहेकाछन् । अध्ययाय १ मा भुमीका, परिचय, उदेश्य, अध्ययन क्षेत्रको वारेमा उल्लेख गरिएको छ भने अध्ययाय २ मा अध्ययन विधि र प्रकृया, अध्ययाय ३ मा अध्ययनको परिणमा र विश्लेषण र अध्ययाय ४ मा निष्कर्ष र सुझावहरु समावेस गरिएका छन् ।

काठमाण्डौ जिल्लाको कुल क्षेत्रफल ३९५ वर्ग किलोमिटर रहेको यो जिल्ला समुन्द्र सतह देखि १२६२ मीटर देखि २७३२ मीटर उचाईमा रहेकोछ । जिल्लामा जम्मा १० निर्वाचन क्षेत्र, १५ ईलाका, १ महानगरपालिका, १ नगरपालिका र ५७ गाविस रहेका छन् । जिल्लामा जम्मा घरधुरी संख्या ४३६३४४, कुल जनसंख्या १७४४२४० रहेकोमा ८३१२३९ महिला र ९१३००१ पुरुष रहेकाछन् । साक्षरता प्रतिसत ८६.३, औषत परिवार संख्या ४, जनसंख्या वृद्धिदर ४.९ र जनघनत्व ४४१६ प्रति वर्ग किलोमिटर रहेकोछ ।

<u>**सामाजिक परिक्षणको उदेश्यः**</u> (क) काठमाण्डौ जिविसले गत आवमा गरेका कामहरु कत्तिको पारदर्शि ढंगले सञ्चालन भए त्यसको लेखाजोखा गर्ने, (ख) काठमाण्डौ जिविसले गत आवमा के के काम गर्‍यो र त्यसवाट सामाजिक तथा आर्थिक क्षेत्रमा कस्तो प्रभाव पार्‍यो त्यसको अध्ययन गर्ने, (ग) सामाजिक परिक्षण कार्यक्रमले जिल्ला भित्र रहेका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रले कसरी अभ्यास गरेकाछन भन्ने कुराको लेखाजोखा गर्ने र (घ) अध्ययनको आधारमा आगामी दिनहरुमा कसरी कामलाई अगाडी वढाउनु पर्छ भन्ने सिफारिस गर्ने रहेका थिए ।

यस अध्ययनको लागी ४ विषयगत क्षेत्र (क) महिला, बालबालिका तथा समावेशी, (ख) जनचेतना तथा गरिवी निवारण र (ग) विकासमा समान सहभागीताको क्षेत्र र (घ) सेवाहरुमा पहुंचको क्षेत्र तोकिएको थियो ।

अध्ययन कार्यलाई व्यवस्थित गर्न र सुचना/तथ्याङ्क संकलन गर्नको लागी सन्दर्भ सामग्रीहरु स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गरिएको थियो । यसै गरी जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल गरी अध्ययनको वारेमा थप जानकारी लिएको थियो । उपलब्ध गराईको कार्य निर्देश शर्तको आधार, सन्दर्भ सामग्रीहरुको अध्ययन तथा जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरुको छलफलको आधारमा विभिन्न

सरोकारवालाहरुको लागी भिन्न भिन्न प्रश्नावली तयार गरिएको थियो । प्रश्नावली जिल्ला विकास समितिका सम्वन्धित अधिकारीहरुको प्रत्यक्ष समन्वयमा तयार गरि स्वीकृत गरिएको थियो ।

स्वीकृत भएको प्रश्नावली प्रयोग गरी काठमाण्डौ जिल्ला विकास समिति र विषयगत कार्यालयहरू लगायत सम्वन्धित गैर सरकारी संस्थाहरुका सम्वन्धित अधिकारीहरु संग अन्तवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल समेत गरिएको थियो । यसका सन्दर्भमा सामाजिक परिक्षण कार्यविधिको अनुसूची २ र ३ लाई आधार मानिएको थियो । अध्ययनको क्रममा सामाजिक परिक्षकले यस अध्ययनको क्रममा स्थापित आचार संहिता पालना गरी काम सम्पन्न गरेको थियो ।

तयार गरिएको प्रतिवेदन जिल्ला विकास समिति संग समन्वय गरी सार्वजनिक गर्न काठमाण्डौ जिल्ला विकास समितिको कार्यालय ववरमहलमा मिति २०७१ कार्तिक २७ मा प्रस्तुत भएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित हुन स्थानीय निकायका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरिक, समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरिक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू, पत्रकार आदि) सँग अन्तरक्रियाका लागि समावेस गरिएको थियो । उक्त प्रतिवेदन उपर सरोकारवालाहरुको प्रतिकृया र सुझाव संकलन गरिएको थियो । ती प्रतिकृया र सुझावहरुलाई समावेस गरि अन्तिम प्रतिवेदन तयार गरि जिविस काठमाण्डौमा पेस गरिएको थियो । यो अध्ययन मिति २०७१ आश्विन १४ देखि कार्तिक मसान्तमा सम्पन्न भएको थियो । अध्ययनको परिणाम कार्य क्षेत्रको आधारमा निम्न अनुसार व्याख्या गरिएको छ ।

**१) महिला, बालबालिका तथा समावेशी क्षेत्र ।**

**(क) स्वास्थ्य**

जिल्लामा रहेका कुल घरधुरी संख्याको ९४.३ प्रतिसत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरी स्वास्थ्य संस्थामा पुग्न सक्ने अवश्था देखिएको छ जुन गत आवमा ९४.१ प्रतिसत थियो । पांच वर्ष मुनिका बालबालिकाहरुको प्रतिसत ८.४ प्रतिसत भएको देखिन्छ जुन गत आवमा ८.३ प्रतिसत थियो ।  खोपमा पहुच भएको जनसंख्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) १०० प्रतिसत भएको पाईयो जुन गत आवमा पनि सोही थियो । ४ पटक गर्ववती जाच गरिएको महिलाको प्रतिसत गत आव २०६९/७० मा ५३.३३ प्रतिसत भएकोमा वढेर आव २०७०/७१ यो वढेर ५४ प्रतिसत पुगेको देखिन्छ ।

आव २०६९/७० मा दक्ष प्रसुतीकर्मीबाट प्रसुती गराउने महिला ८२.५ थिए भने आव २०७०/७१ मा ८३.०५ प्रतिसत पुगेको छ र त्यसै गरी २०६९/७० मा ६३.३ प्रतिसत नागरीकहरुले हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिएका थिए भने यस वर्ष ५३.३९ प्रतिसतले मात्र हेल्थपोट वा सव हेल्थपोष्ट वाट

सेवा लिएका छन् । यसको कारण मुख्य तथा नागरीकहरु आफ्नो नजिकमा रहेको नीजि अस्पताल वा आउट रिच क्लिनीकहरुवाट सेवा लिन थालेकोले हो । जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, प्रसुति भत्ता, सडक मर्मत तथा निर्माण, सेवा र सुविधामा विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्यकर्मीको व्यवस्था, सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय विचको समन्वय, सहकार्य तथा सामाजिक परिचालन अन्तर्गत आम नागरिकको सहभागिताको कारण यो उपलब्धि हासिल भएको पाईयो ।

### (ख) शिक्षा

पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर ९७.२ प्रतिसत पुगेको छ । प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोर्‍याउनेहरुको प्रतिसत ६.३ कायम राख्न सफल भएको छ भने कक्षा उत्तिर्ण हुने दर ८९.९ प्रतिसत वाट वढेर ९७.२ प्रतिसत पुगेकोछ । विद्यालय छोड्ने वा दोहो्याउने प्रतिसत ६.३ प्रतिसतवाट घटेर २.८ प्रतिसतमा झरेकोछ । आव २०६९/७० मा प्राथमिक तहमा तालिम प्राप्त शिक्षकको प्रतिसत ९५.२ प्रतिसत भएकोमा आव २०७०/७१ मा ९४.८ भएको पाईयो । यसो हुनुमा राहत कोटामा भएको वृद्धि नै यसको मूल कारण रहेको पाईयो । प्रति कक्षा कोठा विद्यार्थी संख्या २७.०६ वाट वढेर २७.०९ भएको छ भने प्रति कक्षा कोठा विद्यार्थी संख्या २७.०९ रहेकोछ । राष्ट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, खानेपानी तथा चपीको सुविधा विस्तार, अभिभावक शिक्षा, विद्यालय भवन मर्मत, थप कोठा निर्माण, सरकारी निकाय, स्थानीय निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्यका कारण यो प्रगति भएको देखिन्छ ।

### (ग) खानेपानी र सरसफाई

आव २०६९/७० मा ८६.१६ प्रतिसत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध भएकोमा गत आव २०७०/७१ मा यो वढेर ९३.९७ प्रतिसत पुगेकोछ । सौचालय भएको परिवारको संख्या ९४.७ प्रतिसत वाट वढेर ९४.८५ प्रतिसत पुगेको छ । खानेपानीको ८९.५ प्रतिसत र सुविधायुक्त सौचालय भएको प्रथमिक विद्यालयको संख्या ९१.९ प्रतिसत पुगेकोछ । सरकारी, गैर सरकारी तथा स्थानीय निकायहरु वीचको समन्वय, सहकार्य, आम नागरिकहरुको सम्लग्नता सुनिश्चत गरी खानेपानी तथा सरसफाई योजना सञ्चालन गरेको कारण यो उपलब्धि सम्भव भएको हो ।

## २) जनचेतना तथा गरिवी निवारण क्षेत्र

जिल्लामा कुल ५११ वडा नागरिक मञ्च र ५७ नागरिक सचेतना केन्द्र स्थापना भएका छन् । गत आव २०६९/७० मा जम्मा ४९८ वडा नागरिक मञ्च र ५७ नागरिक सचेतना केन्द्र स्थापना भएको थियो । वडा नागरिक मञ्चमा कुल १२७७५ सदश्य रहेकोमा ४३.७ प्रतिसत महिला र ५७.३ प्रतिसत पुरुष भएको पाईयो । तर गत आवमा कूल ११२८६ सदश्य भएको र जस मध्ये ४२.० प्रतिसत पुरुष र ५८.० प्रतिसत महिला थिए ।

गत आवमा ५७ नागरिक सचेतना केन्द्रमा कूल १४२५ सदश्य मध्ये ७१.१ प्रतिसत महिला थिए भने यस आवमा कूल १७७० सदश्य भई ७० प्रतिसत महिला भएको पाईयो । यसवाट नागरिक सचेतना केन्द्रमा नागरिकहरुको संलग्नता वढ्दै गएको छ भने महिला सहभागिता पनि उल्लेख्य भएको पाईयो ।

विभिन्न कार्यक्रमहरुको वावजुध पनि छिटपुट रुपमा वाल विवाह तथा छुवाछुत सम्वन्धी भेदभावका घटनाहरु भए । गत आवमा वाल विवाहरुको संस्था १३ भएको पाईयो जुन अघिल्लो आवमा १५ थियो । समुह छलफलको आधारमा अझै पनि २५ प्रतिसत मानिसहरुमा छुवाछुत तथा सामाजिक भेदभावको सोच भएको रहेको कुरा जानकारी गराईएको थियो ।

जिल्लामा कुल १२१८१ बाल श्रमीक रहेका छन जस मध्ये ५६.९ प्रतिसत बालक र ४३.१ प्रतिसत बालिका छन् । घरेलु श्रमीकमा वढी बालिका र उद्योग, क्याटरीङ्ग जस्ता प्रतिष्ठानहरुमा बढी बालक भएको पाईयो । विभिन्न संस्थाहरुवाट वालवालिकाहरुको उद्धार जम्मा ६१ वालक र २३ वालिकाको उद्धार गरी पुनर्रस्थापना गरिएको थियो । त्यसै गरी वाल विवाहरुको संस्था १३ भएको पाईयो ।

जिल्लामा कुल ९७१२ जेष्ठ नागरिक, ९५६५ एकल महिला, ५९० अपाङ्ग, ११ पिछडिएको लोपोन्मुख जातीका नागरिकहरु भएका र ती सवैले प्राप्त गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको देखियो । यसका लागि स्थानीय निकायहरुले हरेक साल सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरुको तथ्याङ्क अद्यावधि गर्ने तथा लगत कट्टा समेत गर्ने गरेको देखियो ।

**गरिवी निवारणको प्रयासहरु**

**क) पुर्वाधार विकासः**

जिविसले गत आवमा सञ्चालन गरेका कूल ६६६ आयोजनाहरु मध्ये सञ्चालन गरेका गरेको जसले पहुंच वृद्धि गरेको पाईयो । जिल्ला विकास समितिले सञ्चालन गरेका कुल योजना मध्ये ४७६ (७२.६७ प्रतिसत) पुर्वाधार विकासका योजनाहरु रहेका थिए । कूल ४७६ पुर्वाधार विकासका योजनाहरु मध्ये ६९.९६ प्रतिसत सडक, १०.९२ प्रतिसत खानेपानी, १०.०८ प्रतिसत भवन, ४.६२ प्रतिसत पर्यटन र २१ प्रतिसत सिंचाईका योजनाहरु रहेका थिए । जुन अघिल्लो आवमा क्रमशः ४९.३९, १४.६३, ४.४, ५.२ र ४.८ प्रतिसत थिए ।

**ख) सामाजिक विकासः**

गत आवमा सञ्चालित कुल योजनाहरु मध्ये सामाजिक विकासका योजनाहरु २७.३३ प्रतिसत थिए । ती आयोजनाहरु मध्ये ४२.४६ प्रतिसत शिक्षा विकास, ३९.११ प्रतिसत धार्मीक सम्पदा संरक्षण, १०.०६ प्रतिसत विविध सामाजिक विकास (सामाजिक परिचालन, समुह गठन आदी), ८.३८ प्रतिसत आय आर्जन (कृषि व्यवसाय र पशुपालन सम्वन्धी तालिम) थिए ।

### ग) रोजगारी प्रवर्द्धन

जिल्लामा गत आवमा रोजगार सिर्जना, प्रर्वधन तथा स्वरोजगार अभिवृद्धि गर्न कृषि, पशु तथा गैर कृषि व्यवसायहरु सञ्चालन गरेको पाईयो । कृषि क्षेत्रमा ३४५, पशुपालन र सम्वन्धित व्यवसायमा २३२ तथा अन्य गैर कृषि क्षेत्रमा ९९८ रोजगारी श्रृजना भएको देखिन्छ । कृषि क्षेत्रमा ४८० उद्यमीहरु भएको र उनीहरुले करीव ८ हजार ५०० मानिसहरुलाई रोजगारी दिन सकेको छ भने करीव १ अर्व वरावरको आर्थिक कारोवार गर्न सकेको छ । गोलभेडा तथा अन्य वेमौसमी तरकारी खेती, माहुरी पालन, च्याउ खेती, तथा प्राङ्गारीक खेतीमा भएको विकासको कारण कृषकहरुको आम्दानी वढेको छ । त्यसै गरी पशु विकासका कार्यक्रमहरुवाट जिल्लामा ५ हजार भन्दा वढीले रोजगारी पाई रहेकाछन् । त्यसै गरी गरिवसंग विशेश्वर कार्यक्रम अन्तर्गत ११४ जनाले प्रत्यक्ष र १००० वढीले अप्रत्यक्ष रुपले रोजगारी पाएकाछन् ।

### ३) विकासमा समान सहभागीताको क्षेत्र

जिल्ला विकास समिति, विषयगत कार्यालयहरु जिल्ला कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, वन कार्यालय, शिक्षा कार्यालय, जनस्वास्थ्य कार्यालयहरुले गरीवी अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई सम्वोधन गरी तथ्याङ्क राख्ने गरेको पाईयो । ती तथ्याङ्कहरुलाई हेर्दा विकासको कामहरुमा महिला, दलित, जनजाती तथा विपन्न वर्गका नागरीकहरुलाई वढी प्राथमीकता दिई उनीहरुको सहभागीतालाई सुनिश्चिात गरेको पाईयो ।

गत आवमा ६३.४६ प्रतिसत नागरिकहरुले कुनै न कुनै खालको सेवा प्राप्त गरेको देखिन्छ । खास गरी जन्म, मृत्यु, विवाह, वसाई सराई, राहदानी, नागरिकता, सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य सेवा, कृषि, पशु, वन, खानेपानी, महिला, वालवालिका, शिक्षक, पेशाकर्मी आदी सवैलाई एकिकृत गर्दा कुल सहभागीहरु मध्ये ३१.७ प्रतिसत महिला, २.५४ प्रतिसत दलित, ३१.७३ प्रतिसत जनजाती र २९.१९ प्रतिसत अन्य जातका नागरिकहरुले विकासमा सहभागिता देखाएको पाईयो । सापेक्षताको आधारमा हेर्ने हो भने अन्य जाती (व्राह्मण, क्षेत्री) को तुलनामा सेवा पाउनेहरु जनजाती, महिला र त्यस पछि दलित रहेका छन् ।

### ४) सेवाहरुमा पहुँचको क्षेत्र

### क) स्वास्थ्य सेवामा पहुँच

काठमाण्डौ जिल्लामा हाल सरकारी स्तरमा जिल्ला अस्पताल १, प्राथमीक स्वास्थ्य केन्द्र ८, स्वास्थ्य चौकी २६ र उपस्वास्थ्य चौकी ३२ रहेकाछन् । त्यसै गरी ई.पि.आई. क्लिनिक ५४, आउट रिच क्लिनिक १३४, निजी स्वास्थ्य संस्थाहरु ४०० भन्दा वढी रहेका र तिनीहरुले आवस्यक स्वास्थ्य सेवा पुर्‍याउदै आएका छन् । हरेक गाविसमा कम्तिमा १ स्वास्थ्य संस्थाहरु रहेकाछन् । हालको अवस्थामा

सबै नागरिकहरुलाई वढीमा ४५ मिनेटको हिडाई वा यातायातको साधनको प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ ।

**ख) शिक्षा सेवामा पहूँच**

काठमाण्डौ जिल्लामा वाल विकास केन्द्र देखि दश जोड दुई सम्मका १३५५ शैक्षिक संस्थाहरुमा रहेकाछन । जसमा ३३१ बालविकास केन्द्र, २७३ प्राथमीक विद्यालय, १६२ निम्न माध्यामिक विद्यालय, ७६४ माध्यामिक विद्यालय र १५६ उच्च माध्यामीक विद्यालयहरु रहेकाछन । हरेक गाविस र नगरपालिकाका वार्डहरुमा विद्यालयहरु रहेकाछन र पढ्न चाहने सबै बालवालिकाहरुको लागी विद्यालय आधा घण्टाको दुरीमा शिक्षा सेवा रहेको पाईन्छ ।

**ग) कृषि सेवामा पहूँच**

जिल्लामा जम्मा छ वटा कृषि सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले शालाखाला ९ वटा गाविसका किसानहरुलाई सेवा पुर्याउनु गर्ने देखिन्छ र कृषि सेवा केन्द्र सम्म पुग्न नागरिकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १ घण्टा ३० मिनेट सम्म लाग्ने गरेको देखिन्छ । यसलाई हेर्दा कृषि सेवा केन्द्रहरुको सख्या वढाउन सके वा भएका सेवा केन्द्रहरुमा प्राविधिक कर्मचारी थप्न सके कृषि सेवा अझ प्रभावकारी हुने देखिन्छ ।

**घ) पशु सेवामा पहूँच**

जिल्लामा जम्मा १० वटा पशु सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले औषत ५.५ वटा गाविसका किसानहरुलाई सेवा पुर्याउनु गर्ने देखिन्छ र पशु सेवा केन्द्र सम्म पुग्न कृषकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १ घण्टा ३० मिनेट लाग्ने गरेको देखिन्छ । यसलाई हेर्दा पशु सेवा तुलनात्मक रुपमा वढी उपलब्ध भएको देखिन्छ । यद्यपी कृषकहरुलाई अझ प्रभावकारी सेवा उपलब्ध गराउन प्राविधिकहरुको संख्या बढाउनुपर्ने देखिन्छ ।

**(ङ) अन्य सेवाहरुमा पहूँच**

जिल्लामा रहेका मध्यमाञ्चल खानेपानी तथा सरसफाई सुपरिवेक्षण तथा अनुगमन कार्यालय, वन कार्यालय, महिला बालवालिका कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, डिभिजन सिंचाई कार्यालय, वन तथा भू–संरक्षण कार्यालय तथा अन्य गैर सरकारी कार्यालयहरुले पनि आ–आाफ्नो कार्य क्षेत्र अनुसार सेवा प्रदान गर्दे आएकछन् ।

**विकासका कार्य सञ्चालन गर्न आई परेका समश्याहरुः**

विकासका कामहरुलाई अगाडी वढाउने क्रममा जिविसले विभिन्न समस्याहरु भोग्नु परेको छ । कतिपय सरकारी नीति नियमहरु एक आपसमा वाझिएकाछन् । खरिद ऐनको कारण आयोजनाहरु समयमा नै

सम्पन्न हुन नसक्ने, गुणस्तर कायम गर्न नसकिने र योजनाहरु अधुरो रहने खतरा वढ्ने गरेकोछ । करको नीति खास गरी भ्याट विलको सम्वन्धमा ५ हजार भन्दा वढीको खरिदमा भ्याट विलको आवस्यकता पर्ने तर सामुदायिक संस्थाहरुसंग त्यस्तो विल हुन नसक्ने हुदा जनसहभागितामा आधारित विकास योजना सञ्चालन गर्न कठिनाई परेको देखिन्छ ।

**सुझावहरु**

१. जनसहभागितामा आधारित विकास कार्यहरु सञ्चालन गर्दा हालको करको व्यवस्था अव्यवहारिक भएकोले यसमा आवस्यक परिमार्जन गर्न अनिवार्य पहल गर्न सिफारिस गरीन्छ ।
२. हालको खरिद ऐनको व्यवस्था अनुसार कम कवोल गर्नेलाई ठेक्का दिनुपर्ने अवस्था छ । यस्तो व्यवस्थाको कारण पहिला कम कवोल गर्ने र पछि भेसियसन आदी देखाई समयमा कार्य सम्पन्न नगर्ने परिपाटी वस्न लागेको छ र विकासका योजनाहरु समयमा नै सम्पन्न नहुने र गुणस्तरमा पनि प्रश्न आउने भएकोले उक्त खरिद ऐनमा परिमार्जन गर्न सिफारिस गरिन्छ ।
३. कृषि तथा पशु सेवा केन्द्र तथा प्राविधिक कर्मचारीहरु समेत कम भएकोले आवस्यकता अनुसारको सेवा पुयाउन कठीनाई परेको छ । त्यसैले जिविस तथा गाविस, नगरपालिकाहरुले आन्तरीक स्रोत परिचालन गरेर भए पनि सेवा केन्द्रहरुको विस्तार र प्राविधिक कर्मचारीहरुको व्यवस्था गर्नुपर्दछ ।
४. रुपान्तरणीय सामाजिक परिचालनलाई सवल र सफल वनाउन केवल सामाजिक परिचालकहरुको मात्र क्रियाशिलता अपुग हुन्छ । यसका लागि वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका सदश्यहरुलाई अनुगमन तथा मुल्याङ्कन कार्यमा समेत क्रियाशिल वनाउनको लागि आवस्यक वजेटको व्यवस्था गरी कार्य अघि वढाउन उपयुक्त हुन्छ ।
५. भए गरेका कामहरुको अभिलेखिकरण गरेमा मात्र सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरुलाई सहि आकलन गर्न सकिन्छ । त्यसले भावि नीति र रणनीति वनाउन सहजता प्रदान गर्दछ । जिल्ला विकास समिति र विषयतग कार्यालयहरुले तथ्याङ्क र सुचना अभिलेखिकरणमा एकरुपता आउन सके मात्र विकासको सुचकहरुलाई वढी परिष्कृत गर्न सकिन्छ । यसका लागि स्थानीय निकाय लगायत सवै विषयगत कार्यालयहरु तथा गैससहरु सवैले डिपिमास अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तीव्रता दिन सिफारिस गरिन्छ ।

# अध्ययायः १ भुमीका

### *१.१ सामाजिक परीक्षण परिचय*

स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले स्थानीय निकायहरुलाई स्थानीय सरकारको रुपमा विकास गर्ने अवधारणा अगाडी वढाएकोछ । यस ऐन र नियमावलीले गाउंमा गाउं विकास समिति र जिल्लामा जिल्ला विकास समितिलाई आ–आफ्नो अधिकार र कर्तव्य वाडफाड गरी सुसाशनका खम्वाहरु सहभागिता, पारदर्शिता, जवाफदेहिता र कानूनी राजको विकास गर्न आधारशीलाहरु तयार गर्नेतर्फ क्रियाशील गराउदै आएकोछ । यसले विकासको काममा आम नागरिक को संलग्नता सुनिश्चित गर्ने, पारदर्शिता कायम गर्ने र उनीहरुलाई वढि जिम्वेवार वनाउने मार्गचित्र तय गरेको छ । यसका लागी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले विभिन्न नीति, कार्यविधि, दिग्दर्शन तथा मार्ग निर्देशनहरु तयार गरी स्थानीय निकायको कामलाई सरलिकृत गर्दै आएको छ । जिल्ला विकास समितिले वर्षभर गरेका कामहरुको सामाजिक परिक्षण गरी सञ्चालित कार्यक्रमहरुले आम जनताको वुझाई के रहेको छ त्यसले उनीहरुको जीवनमा के कस्तो असर र प्रभाव देखिएको छ त्यसको आकलन गरी भावि रणनिती र कार्यनिती तयार गर्न सहजीकरण गर्नको लागि सामाजिक परिक्षण गर्नु अनिवार्य वनेकोछ ।

### *१.२. सामाजिक परिक्षणको औचित्य*

नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६८।१।१२ को निर्णयानुसार स्वीकृत स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि- २०६७ मा उल्लेख भए वमोजिम स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य लाई ब्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ तर्जुमा गरि कार्यान्वयन भई आएको छ ।

उक्त कार्यविधिको उदेश्यमा खास गरेर स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्नु रहेकोछ । त्यसै गरि सामाजिक परीक्षणको व्यवस्था स्थानीय निकायले अनिवार्य रूपमा लागू गर्नका लागि परीक्षण विधिलाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्न सहयोग पुर्‍याउनु पनि हो ।

स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय निकायलाई ऐन तथा नियमावली तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकको लाई आधारमानी लेखाजोखा गर्नु पर्ने व्यवस्था छ । सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो

चौमासिक भित्र गरिसक्नु पर्नेछ । तर कुनै कार्यक्रम / आयोजना विशेषको थप सामाजिक परीक्षण गर्नको लागि यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

त्यसै गरि गैसस तथा अन्य सार्वजनिक संस्थाहरूले पनि समाजिक परीक्षण गर्दा यसै विधिको प्रयोग गर्न सक्नेछन् र सो गर्न गराउन स्थानीय निकायहरूले समन्वय र सहयोग गर्नु पर्नेछ ।

### *१.३ काठमाण्डौ जिल्ला र जिल्ला विकास समिति काठमाण्डौ*

मध्यमाञ्चल विकास क्षेत्र अर्न्तगत रहेको यो जिल्ला नेपालको राजधानी हो । जिल्लाको कुल क्षेत्रफल ३९५ वर्ग किलोमिटर रहेको यो जिल्ला समुन्द्र सतह देखि १२६२ मीटर देखि २७३२ मीटर उचाईमा रहेकोछ । जिल्लाको पूर्वमा भक्तपुर तथा काभ्रेपलाञ्चोक, पश्चिममा धादिङ्ग र नुवाकोट, उत्तरमा नुवाकोट र सिन्धुपलाञ्चो तथा दक्षिणमा ललितपुर र मकवानपुर जिल्लाहरुको रहेकाछन् । जिल्लामा जम्मा १० निर्वाचन क्षेत्र, १५ ईलाका, १ महानगरपालिका, १ नगरपालिका र ५७ गाविस रहेका छन् । जिल्लामा जम्मा घरधुरी संख्या ४३६३४४, कुल जनसंख्या १७४४२४० रहेकोमा ८३१२३९ महिला र ९१३००१ पुरुष रहेकाछन् । साक्षरता प्रतिसत ८६.३, औषत परिवार संख्या ४, जनसंख्या वृद्धिदर ४.९ र जनघनत्व ४४१६ प्रति वर्ग किलोमिटर रहेकोछ ।

जिल्ला विकास समिति, काठमाण्डौ काठमाण्डौ जिल्लाको जिल्ला सरकारको रुपमा रहेको छ । स्थानीय स्वायत्त साशन ऐनले प्रदान गरेको व्यवस्था अनुसार विभिन्न विषयगत कार्यालयहरु तथा गैर सरकारी संस्थाहरुलाई परिचालन गरी जिल्लाको विकास कार्यलाई गति दिन जिविस काठमाण्डौ लागि परेकोछ । जिल्ला शिक्षा, जिल्ला स्वास्थ्य, जिल्ला कृषि, जिल्ला पशु, जिल्ला महिला वालवालिका, जिल्ला वन, जिल्ला घरेलु, मध्यमाञ्चल खानेपानी तथा ढलनिकास सुपरिवेक्षण तथा अनुगमन, डिभिजन सिंचाई, जलउत्पन्न प्रकोप नियन्त्रण तथा विभिन्न गैर सरकारी निकायहरुको सयुक्त प्रयासमा जिल्लामा विकासका कार्यहरु अगाडी वढिरहेकाछन् । विकास कार्यमा जनसहभागिता, पारदर्शिता तथा जवाफदेहिता स्थापित गराउन जिविसले विभिन्न कार्यहरु गर्दे आएकोछ छ र हरेका साल सामाजिक परीक्षण कार्यलाई पनि निरन्तरा दिदै आएको छ ।

### *१.३. सामाजिक परिक्षणको उदेश्य*

- काठमाण्डौ जिविसले गत आवमा गरेका कामहरु कत्तिको पारदर्शि ढंगले सञ्चालन भए त्यसको लेखाजोखा गर्ने ।
- काठमाण्डौ जिविसले गत आवमा के के काम गऱ्यो र त्यसवाट सामाजिक तथा आर्थिक क्षेत्रमा कस्तो प्रभाव पाऱ्यो त्यसको अध्ययन गर्ने ।
- सामाजिक परिक्षण कार्यक्रमले जिल्ला भित्र रहेका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रले कसरी अभ्यास गरेकाछन भन्ने कुराको लेखाजोखा गर्ने ।
- अध्ययनको आधारमा आगामी दिनहरुमा कसरी कामलाई अगाडी वढाउनु पर्छ भन्ने सिफारिस गर्ने ।

### *१.४. सामाजिक परीक्षणको विषयगत क्षेत्र*

यस अध्ययनको लागी निम्न विषयगत क्षेत्रहरुलाई आधार मानिएको थियो ।

१.४.१ बालबालिका, महिला तथा समावेशी क्षेत्र ।
१.४.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र ।
१.४.३ सामाजिक विकास (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई) मा समान सहभागीताको क्षेत्र ।
१.४.४ सेवाहरुमा पहुंचको क्षेत्र ।

## अध्ययाय: २ अध्ययन विधि र प्रकृया

नेपाल वातावरण संरक्षण केन्द्रले निम्न विधिहरू प्रयोग गरी अनुसन्धानात्मक ढंगले समाजिक परीक्षण गरेको थियो ।

### *२.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा*

सामाजिक परीक्षकले सन्दर्भ सामाग्रीको रूपमा स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना ( विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गरिएको थियो । यो अध्ययन प्रतिवेदन तयार गर्दा यी सुचनाहरुको समिक्षा र विश्लेषण गरिएकोछ ।

### *२.२ जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल*

यस अध्ययनको क्रममा, परामर्शदाले जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल गरि अध्ययनको वारेमा थप जानकारी लिएको थियो । यसले परामर्शदातालाई विषयको गाम्भिर्यता र आवश्यको गहिराईमा पुग्न सजिलो भएको थियो ।

### *२.३ अन्तवार्ताको लागी प्रश्नावलीको तयारी*

सामाजिक परीक्षणको लागी तयार गरेको कार्य निर्देश शर्तको आधार, विभिन्न सन्दर्भ सामग्रीहरुको अध्ययन तथा जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरुको छलफलको आधार तथा विभिन्न वेव साईटहरुको अध्ययन गरेपछि अध्ययनका लागी विभिन्न सरोकारवालाहरुको लागी भिन्न भिन्न प्रश्नावली तयार गरिएको थियो । सुचना संकलन गर्नु भन्दा पहिले प्रश्नावली जिल्ला विकास समितिका सम्वन्धित अधिकारीहरुको प्रत्यक्ष समन्वयमा तयार गरी स्वीकृत गरिएको थियो ।

### *२.४ अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल*

स्वीकृत भएको प्रश्नावलीको प्रयोग गरी काठमाण्डौ जिल्ला विकास समिति र विषयगत कार्यालयहरू लगायत सम्वन्धित गैर सरकारी संस्थाहरुका सम्वन्धित अधिकारीहरु संग सुचना संकलन गरिएको थियो । यसको लागि अन्तवार्ता, छलफल र अन्तकृया गरिएको थियो । अन्तवर्ताले समेट्न नसकेका विषय वस्तुहरुलाई सम्बन्धित कर्मचारीहरू तथा लाभान्वित वर्गहरुको सानो समूह बनाई समूह छलफल समेत गरिएको थियो तथा स्थलगत निरिक्षण र अवलोकन समेत गरिएको थियो । समुह छलफलमा खास गरेर कार्यक्रम सञ्चालनको प्रक्रिया, कार्यक्रमहरुका सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत बुँदागत रूपमा गहन अध्ययन गरिएको थियो यसका सन्दर्भमा सामाजिक परिक्षण कार्यविधिको अनुसूची २ र ३ लाई आधार मानिएको थियो ।

सूचनाहरु निम्न विषयवस्तु समेटि संकलन गरिएको थियो :

- बालबालिका, महिला तथा समावेशी क्षेत्र ।
- जनचेतना तथा गरिवी निवारण क्षेत्र ।
- सामाजिक विकास (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई) मा समान सहभागीताको क्षेत्र ।
- सेवाहरुमा पहुंचको क्षेत्र ।

यसका अतिरिक्त निम्न विषयहरुलाई पनि सुचना संकलनमा समावेस गरिएको थियो ।

- कार्यक्षेत्रको परिचय
- स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू
- गतवर्षको मुख्य मुख्य उपलब्धिहरू
- यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकहरू को आधारमा प्रस्तुत गर्ने )
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- समस्याहरू
- सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

नेपाल वातावरण संरक्षण केन्द्रले सामाजिक परीक्षण कार्यविधिमा उल्लेख भए वमोजमको आचार संहिता पालना गरी आफ्नो काम सम्पन्न गरेको थियो । यस अन्तर्गत विषयवस्तुमा मात्र केन्द्रित रहने, तथ्यांक र सूचनालाई आधार मान्ने, निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने, सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगरी प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने, व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने, सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने, सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने, वोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने र आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने आदीको पालना गरिएको थियो ।

### *२.५ प्रतिवेदन प्रस्तुति तथा छलफल*

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कार्यान्वयन गर्नको लागी तयार गरेको सामाजिक परिक्षण कार्यविधिको अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरी सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव संकलन गरिएको थियो ।

- जिविसले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव सुचकको आधारमा जिविसले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति स्थानीय निकायले समयमा सेवा सुविधा दिन सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू ।

- जिविसको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता, वालवालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता ।
- जिविसले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर
- सामाजिक उत्तरदायित्व पूरा गर्न जिविसको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू ।

### *२.६ प्रारम्भिक प्रतिवेदन तयारी*

सन्दर्भ सामग्रीहरुको अध्ययन, जिल्ला विकास समितिका पदाधिकारीहरु संगको छलफल, अन्तवार्ता, समुह छलफल तथा सरोकारवालाहरुको सुझावहरु समेतलाई समेटेर प्रतिवेदन तयार गरिको छ । निम्न प्रतिवेदनहरु निम्न समय रेखामा पेस गरिएको थियो ।

### *२.७ अध्ययनको समय रेखा*

उल्लेखित कार्य २०७१ आश्विन १४ वाट शुरु भएको थियो र २०७१ कार्तिक मसान्त सम्ममा सम्पन्न भएको थियो । यसका लागी निम्न तालिका अपनाईएको थियो ।

| क्रस | क्रियाकलाप | सम्पन्न गरेको मिति २०७१ | कैफियत |
|---|---|---|---|
| १ | सन्दर्भ सामग्रीहरुको अध्ययन | आश्विन २० देखि २३ सम्म | |
| २ | सुचना संकलन गर्ने चेकलिष्टको तयारी | आश्विन २४ देखि २५ सम्म | |
| ३ | जिविस तथा अन्य सम्वन्धित सरकारी कार्यालयका प्रमुख वा प्रतिनिधिहरु संग अन्तवार्ता र समुह छलफल । | आश्विन २६ देखि ३१ सम्म | |
| ४ | सन्दर्भ सामग्रीहरुको अध्ययन, अन्तवार्ता र समुह छलफलवाट आएका सुचनाहरुको समायोजन र प्रारम्भिक प्रतिवेदन तयारी । | कार्तिक १ देखि २३ सम्म | |
| ५ | तयार भएको प्रतिवेदन सम्पुर्ण सरोकारवालाहरु समक्ष प्रस्तुतीकरण । | कार्तिक २७ | |
| ६ | सरोकारवालाहरुले सुझाएका सुझाव तथा प्रतिक्रियाहरुलाई समेत सम्वोधन गरि अन्तिम प्रतिवेदनको तयारी । | कार्तिक २८ | |
| ७ | अन्तिम प्रतिवेदन जिविसमा पेस । | कार्तिक ३० | |

## अध्ययाय ३ अध्ययनको परिणाम र विश्लेषण

***३.१ महिला, बालबालिका तथा समावेशी क्षेत्र***

**क) स्वास्थ्य क्षेत्र**

तालिका १ अनुसार काठमाण्डौ जिल्लामा कुल घरधुरी संख्याको ९४.३ प्रतिसत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरी स्वास्थ्य संस्थामा पुग्न सक्ने अवश्था देखिएको छ जुन गत आवमा ९४.१ प्रतिसत थियो । यस्तो सुधार आउनुमा सडक सुधार, मर्मत सम्भार, कल्भर्ट निर्माण तथा थप सडक निर्माण जस्ता कारणहरु पाईयो ।

पांच वर्ष मुनिका बालबालिकाहरुको प्रतिसत ८.४ प्रतिसत भएको देखिन्छ जुन गत आवमा ८.३ प्रतिसत थियो । खोप कार्यक्रममा जनचेतना अभिवृद्धि र राष्ट्यि खोप अभियानको कारण खोपमा पहुच भएको जनसंख्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) १०० प्रतिसत भएको पाईयो जुन गत आवमा पनि सोही थियो । ४ पटक गर्ववती जाँच गरिएको महिलाको प्रतिसत गत आव २०६९/७० मा ५३.३३ प्रतिसत भएकोमा यस वाट वढेर यस आव २०७०/७१ मा ५४ प्रतिसत पुगेको देखिन्छ ।

आव २०६९/७० मा दक्ष प्रसुतीकर्मीबाट प्रसुती गराउने महिला ८२.५ थिए भने आव २०७०/७१ मा ८३.०५ प्रतिसत पुगेको छ र त्यसै गरी २०६९/७० मा ६३.३ प्रतिसत नागरीकहरुले हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिएका थिए भने यस वर्ष ५३.३९ प्रतिसतले मात्र हेल्थपोट वा सव हेल्थपोष्ट वाट सेवा लिएका छन् । यसको कारण मुख्य तथा नागरीकहरु आफ्नो नजिकमा रहेको नीजि अस्पताल वा आउट रिच क्लिनीकहरुवाट सेवा लिन थालेकोले हो । जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, प्रसुति भत्ता, सडक मर्मत तथा निर्माण, सेवा र सुविधामा विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्कर्मीको व्यवस्था, सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय विचको समन्वय, सहकार्य तथा सामाजिक परिचालन अन्तर्गत आम नागरिकको सहभागिता आदी प्रयासहरुवाट यस्ता सकारात्मक परिणामहरु आएको पाईन्छ ।

**तालिकाः १ स्वास्थ्य क्षेत्रको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | ४१०७८७ | ९४.१ | नयां सडक निर्माण, सडक मर्मत | १६४४८१८ | ९४.३ |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | १११६०० | ८.३ | खोप कार्यक्रममा विस्तार, परिवार नियोजनको साधनहरुको प्रयोगमा विस्तार | १४७०३८ | ८.४ |
| खोपमा (विसिजि) पहुच भएको जनसंख्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) प्रतिसत | ४१२९९ | १००.६ | खोप कार्यक्रममा जनचेतना अभिवृद्धि | ४१२९९ | १०० |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | २१९४७ | ५३.३३ | स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य स्वंसेवीकालाई तालिम । | | ५४.०० |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ३२१४८ | ८२.५ | जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य स्वंसेवीकालाई तालिम, स्वास्थ्य संस्थामा प्रसुति भत्ता वितरण । | ३८६९१ | ८३.०५ |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | ० | ० | जनचेतना | ० | ० |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | २७६३३२ | ६३.३ | जनचेतना, सडक मर्मत, निर्माण, सेवा र सुविधामा विस्तार, सामाजिक परिचालन व्यवस्था । | ९३१२२५ | ५३.४ |
| परिवार नियोजनका साधनहरुको प्रयोग गर्नेहरु | | २८.७ | साधनहरुको वितरण | | २६.० |

*स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ, आ.व २०६९/७० र आ.व २०७०/७१*

## ख) शिक्षा क्षेत्रको अवस्था :

तालिका २ अनुसार, पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर आव २०७०/७१ र आव २०६९/७० मा समान ४९.७ प्रतिसत पाईयो । कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा ९५.२ वाट बढेर ९५.३ प्रतिसत पुगेको छ । प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोऱ्याउने दर (प्रतिसत) ६.३ वाट घटेर २.८ प्रतिसत पुगेको छ कक्षा उत्तिर्ण हुने दर ८९.९ प्रतिसतवाट वढेर ९७.२ प्रतिसत पुगेकोछ । आव २०६९/७० मा

प्राथमिक तहमा तालिम प्राप्त शिक्षकको प्रतिसत ९५.२ प्रतिसत भएकोमा आव २०७०/७१ मा ९४.८ भएको पाईयो । यसो हुनुमा राहत कोटामा भएको वृद्धि नै यसको मूल कारण रहेको पाईयो । प्रति कक्षा कोठा विद्यार्थी संख्या २७.०६ वाट वढेर २७.०९ भएको छ ।

विभिन्न सूचना सहितको क्यालेण्डर प्रत्येक विद्यालयमा पठाउनु, विद्यालय मर्जरमा लैजाने प्रकृयालाई तदारुकताको साथ अगाडी वढाउनु, त्रैमासिक रुपमा विभिन्न शैक्षिक समाचार, जानकारी, क्रियाकलापहरु समावेश गरी प्रकासन तथा वितरण, निशुल्क पुस्तक वितरण, राद्यिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, गृहणी, खुला तथा वैकल्पिक विद्यालयको व्यवस्था, अनौपचारिक शिक्षा, महिला तथा दलित छात्रवृत्तिको व्यवस्था, विद्यालय व्यवस्थापनमा सुधार अभिभावक शिक्षा, विद्यालय भवन मर्मत, थप कोठा निर्माण, सरकारी निकाय, स्थानीय निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्यले गर्दा यस क्षेत्रमा सुधार देखिएको हो ।

**तालिकाः २ शिक्षा क्षेत्रको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | ० | ० | | ० | ० |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | ४९.७ | निशुल्क पुस्तक वितरण, राद्यिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, गृहणी, खुला तथा वैकल्पिक विद्यालयको व्यवस्था, अनौपचारिक शिक्षा, महिला तथा दलित छात्रवृत्तिको व्यवस्था । | ७३०४८ | ४९.७ |
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | ० | ४.६ | | ५३४३ | ४.१४ |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | ४६२७८ | ९५.२ | | १४०२०६ | ९५.३ |
| प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोऱ्याउने दर (प्रतिसत) | ६४७६ | ६.३ | निशुल्क पुस्तक वितरण, राद्यिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, गृहणी, खुला तथा वैकल्पिक विद्यालयको व्यवस्था, अनौपचारिक शिक्षा, महिला तथा दलित छात्रवृत्तिको व्यवस्था ।, विद्यालय भवन मर्मत, थप कोठा निर्माण । | ३९३२ | २.८ |

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| कक्षा उत्तिर्ण हुने दर | १२९०५४ | ८९.९ | शिक्षकहरुलाई तालिम, अभिभाभक शिक्षा, कक्ष कोठामा भौतिक सुविधा विस्तार, पाठ्य सामग्रीको थप व्यवस्था, समयमा पुस्तक वितरण । | १३६२३१ | ९७.२ |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या (प्रतिसत) | २१०८ | ९५.२ | शिक्षकहरुलाई तालिम, अभिभाभक शिक्षा । | २०९९ | ९४.८ |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | २७.०६ | | | २७.०९ | |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, आ.व २०६९/७० र आ.व २०७०/७१*

तालिका ३ मा उल्लेख भए अनुसार शिक्षा क्षेत्रको विकास र विभिन्न वर्गका नागरिकहरुलाई उनीहरुको चाहना अनुसार शिक्षा प्रदान गर्ने हेतुले जिल्लामा अन्य शैक्षिक क्रियाकलापहरु पनि सञ्चालन भएका छन् । यस अन्तर्गत वैकल्पिक विद्यालय, गसहणी विद्यालय, खुला विद्यालय, अनौपचारिक प्राथमीक शिक्षा कार्यक्रम र सामुदायिक अध्ययन केन्द्रहरु पनि सञ्चालनमा आएकाछन् ।

**तालिका: ३ अन्य शैक्षिक कार्यक्रमहरु**

| किसिम | प्रा.वि | नि.मा.वि | मा.वि | उ.मा.वि | जम्मा |
|---|---|---|---|---|---|
| वैकल्पिक विद्यालय | ९ | ४ | १२ | ० | २५ |
| गृहणी विद्यालय | ५३ | १२ | ६ | ० | ७१ |
| खुला विद्यालय | ० | ४ | ४ | ० | ८ |
| अनौपचारिक प्राथमीक शिक्षा कार्यक्रम | २० | ० | ० | ० | २० |
| सामुदायिक अध्ययन केन्द्र | जम्मा ३५ | | | | ३५ |
| कुल जम्मा | | | | | १५९ |

स्रोत: जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, २०७०/७१

## ग) खानेपानी तथा सरसफाई

तालिका ४ अनुसार आव २०६९/७० मा ९३.३१ प्रतिसत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध थियो भने आव २०७०/७१ यो सुविधा ९३.९७ प्रतिसत नागरिकहरुलाई पुगेकोछ । त्यसै गरी गत वर्ष ९३.९९ प्रतिसत नागरिकहरुलाई शौचालयको सुविधा भएकामा यस आवमा ९४.८५ प्रतिसतलाई यो सुविधा पुगेकोछ । गत आवमा खानेपानीको सेवा उपलब्ध भएका प्राथमीक विद्यालयहरु ८९ प्रतिसत भएकोमा यस वर्ष ८९.५ प्रतिसत पुगेकोछ । शौचालयको सुविधा भएका प्राथमीक विद्यालयहरु गत आवमा ९१.३ प्रतिसत भएकोमा यस वर्ष ९१.९ प्रतिसत भएको पाईयो ।

खुल्ला दिशा मुक्त क्षेत्र घोषणा अभियान, नयां खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत, जनसहभागिता वढाउन सामाजिक परिचालन, स्थानीय निकाय, सरकारी निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्य र स्थानीय निकायहरुको सक्रियताका कारण खानेपानी र सरसफाईको क्षेत्रमा सुधार आएको देखिन्छ । गत आवमा कूल ५ गाविसहरु खुल्ला दिशामुक्त घोषणा भएकोमा हाल यस्ता गाविसको संख्या १६ पुगेकोछ ।

**तालिकाः ४ खानेपानी तथा सरसफाई को अवश्या**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| स्वच्छ पानी पुगेको जनसंख्या | १६२५७३७ | ९३.३१ | नयां खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत, जनसहभागिता वढाउन सामाजिक परिचालन, स्थानीय निकाय, सरकारी निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्य । | १६३९०१४ | ९३.९७ |
| सौचालय भएको परिवार संख्या वा प्रतिशत | ४१०१५० | ९३.९९ | | ४१३९०१ | ९४.८५ |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | २४३ | ८९ | | २४३ | ८९.५ |
| सौचालय भएको प्राथमीक विद्यालय संख्या | २४९ | ९१.३ | | २५१ | ९१.९ |
| सुधारिएको चुलो भएको परिवार संख्या | | ० | सुचना प्राप्त नभएको । | | ० |
| खुला दिशा मुक्त क्षेत्र घोषणा भएका गाविस | ५ | | | १६ | |

*स्रोतः खानेपानी तथा ढलनिकास विभाग, क्षेत्रिय अनुगमन तथा सुपरिवेक्षण कार्यालय, आ.व २०६९/७० र आ.व २०७०/७१, काठमाण्डौं*

### *३.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र*

काठमाण्डौं जिल्लामा जनचेतना तथा गरिवी निवारणको क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिको थियो । यसलाई निम्न अनुसार विश्लेषण गरिएकोछ ।

#### ३.२.१ गरिवीको अवश्था

छैमले गाविस गरिवी मापनको आधारमा वर्ग ३, अन्य सवै गाविस, नगरपालिका तथा महानगरपालिका वर्ग २ अन्तर्गत भएको । विकास योजनाहरुवाट प्रत्यक्ष रुपमा समेटिएका नागरिकहरुको प्रतिसत ३५ तथा अप्रत्यक्ष रुपमा समावेस भएका नागरिकको प्रतिसत ६० भएको पाईयो ।

**३.२.२ सामाजिक परिचालन र जनचेतना**

जिल्लाका सवै गाविस तथा नगरपालिकाहरुमा सामाजिक परिचालन कार्य सञ्चालनमा आएको पाईयो । यसका लागी कुल ५११ वडा नागरिक मञ्च र ५७ नागरिक सचेतना केन्द्र स्थापना भएका छन् । गत आव २०६९/७० मा जम्मा ४९८ वडा नागरिक मञ्च र ५७ नागरिक सचेतना केन्द्र स्थापना भएको थियो ।

तालिका ५ मा उल्लेख भए अनुसार, वडा नागरिक मञ्चमा कुल १२७७५ सदश्य रहेकोमा ४३.७ प्रतिसत महिला र ५७.३ प्रतिसत पुरुष भएको पाईयो । तर गत आवमा कूल ११२८६ सदश्य भएको र जस मध्ये ४२.० प्रतिसत पुरुष र ५८.० प्रतिसत महिला थिए । आव २०७०/७१ मा वडा नागरिक मञ्चमा महिलाहरुको सक्रियता कम भएको देखिएकाले सुधार गरी महिलाहरुको संख्या वढाउनु जरुरी छ । सामाजिक परिचालन कार्यविधि २०७० लागु भएपछि थप सोत समेत उपलब्ध हुन सक्ने भएकोले यो कार्य प्रभावकारी वन्दै जाने वाटो खुलेको महसुस गरिएकोछ ।

**तालिकाः ५ सामाजिक परिचालनको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| जम्मा वडा नागरिक मञ्चको संख्या | ४९८ | | सामाजिक परिचालकहरुले तोकिएको कामहरु समयमा नै सम्पन्न गरेको । जिविसले अनुगमनलाई प्रभावकारी वनाएको । | ५११ | |
| जम्मा नागरिक सचेतना केन्द्रको संख्या | ५७ | | | ५७ | |
| वडा नागरिक मञ्चका सदश्यहरुको संख्या | | | | | |
| महिला | ६५४६ | ५८.० | | ५५८३ | ४३.७ |
| पुरुष | ४७४० | ४२.० | | ७१९२ | ५६.३ |
| जम्मा | ९२३२ | १०० | | १२७७५ | १०० |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ.व २०६९/७० र आ.व २०७०/७१, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

तालिका ६ अनुसार गत आवमा ५७ नागरिक सचेतना केन्द्रमा कूल १४२५ सदश्य मध्ये ७१.१ प्रतिसत महिला थिए भने यस आवमा कूल १७७० सदश्य भई ७० प्रतिसत महिला भएको पाईयो । यसवाट नागरिक सचेतना केन्द्रमा नागरिकहरुको संलग्नता वढ्दै गएको छ भने महिला सहभागिता पनि उल्लेख्य भएको पाईयो ।

**तालिकाः ६  नागरिक सचेतना केन्द्रका सदश्यहरुको संख्या**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | जिल्ला सामाजिक परिचालन समितिलाई सक्रिय पारेको, अनुगमन कार्यलाई एकिकृत गरिएको । | संख्या | प्रतिसत |
| महिला | १०१३ | ७१.१ | | ११९७ | ७०.० |
| पुरुष | ४१२ | २८.९ | | ५१३ | ३०.० |
| जम्मा | १४२५ | १००.०० | | १७७० | १०० |
| जम्मा सामाजिक परिचालकहरुको संख्या | ५७ | | | ५६ | |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ.व २०६९/७० र आ.व २०७०/७१, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

तालिका ७ अनुसार जिल्ला विकास समितिले गरीवसंग विशेश्वर कार्यक्रम मार्फत १४ गाविसमा सामाजिक परिचालन गरी १५७ समुह गठन भई ती समुहहरु सक्रिय रहदै आएकाछन गत आवमा यस्ता समुहहरु १५१ थिए । ती समुहमा जम्मा १९१० सदश्यहरु आवद्ध भएकाछन र रु १ करोड २ लाख ६९ हजार वचत संकलन भएको छ जुन गत आवमा केवल ७० लाख ९१ हजार मात्र थियो । कूल वचत मध्ये ८५ प्रतिसत लगानी भएको पाईन्छ । यसवाट ५४३ नागरिकहरु आफ्नो पेसा संचालन गरी स्वरोजगार वनेकाछन् ।

**तालिकाः ७ सामाजिक परिचालन अन्तर्गत गरीव संग विशेश्वर कार्यक्रम**

| क्र.स | कार्यक्रम लागु भएका गाविसहरु | समुह संख्या | सदश्य संख्या | वचत रकम रु ( हजारमा) | ऋण लगानी (रु ह्जारमा) | समुह संख्या | सदश्य संख्या | वचत रकम रु (हजारमा) | ऋण लगानी (रु ह्जारमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आव २०६९/७० | | | | आव २०७०/७१ | | | |
| १ | गागालफेदी | ११ | २४३ | ४६६ | २६१.९ | ११ | ११२ | ४३४.१ | २८२.२ |
| २ | नाङ्गलेभारे | ११ | २२२ | ४५५ | ४२५ | १२ | ११८ | ५३७.८ | ४४१ |
| ३ | नयांपाटी | १० | १७२ | ८८९ | ८३४ | १० | ११७ | ९९०.९ | ७८२.८ |
| ४ | जोरपटी | ९ | १९४ | २५९ | २५६.७ | १४ | २६६ | ७५६.५ | ६५८.१ |
| ५ | भ्कोर महांकाल | १० | १४७ | ५८९ | ५६१ | १० | ११७ | ७४२.१ | ७१२.४ |
| ६ | टोखा चण्डेश्वरी | ९ | १६२ | १२१ | ८२ | ९ | ८१ | १३१.८ | ९०.९१ |
| ७ | साङ्गला | १० | २०४ | ५०२ | ४२३ | १० | १३५ | ४२२.५ | ३६३.३ |
| ८ | काभ्रेस्थली | ८ | १३० | ८९१ | ६४७ | ८ | १०१ | १३९.२ | १०४.४ |
| ९ | जितपुरफेदी | १० | ९५ | ३६३ | ३६०.७ | ११ | १०५ | ५०२.२ | ४८७.१ |

| क.स | कार्यक्रम लागु भएका गाविसहरु | समुह संख्या | सदश्य संख्या | वचत रकम रु ( हजारमा) | ऋण लगानी (रु ह्जारमा) | समुह संख्या | सदश्य संख्या | वचत रकम रु (हजारमा) | ऋण लगानी (रु ह्जारमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | इचंगुनारायण | ९ | २३१ | ५१७ | ३८४ | ९ | १३३ | ७१७ | ५४४.९ |
| ११ | मच्छेगाउं | २२ | ५१८ | २२३२ | २०२९ | २२ | २७४ | २६८९ | २४४७ |
| १२ | भिमढुङ्गा | १० | ५६ | ४२५ | ३९० | ९ | ४२ | ४३१ | ३८७.९ |
| १३ | सेतीदेवी | ११ | २१७ | १२०३ | ९७८ | ११ | १५१ | १२६६ | १०५१ |
| १४ | चाल्नाखेल | ११ | ३१६ | १३०७ | १००१ | ११ | १५८ | २३२१ | १८१० |
| | जम्मा | १५१ | २९०७ | १०२१९ | ८६३३ | १५७ | १९१० | १२०८१ | १०२६९ |
| | प्रगति प्रतिसत | ३.९७ | -३४.३० | १८.२३ | १८.९५ | | | | |
| | लगानी | | | | | | | ८५ प्रतिसत | |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ.व २०६९/७०, र २०७०/७१, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं ।*

**३.२.३ सामाजिक विकृति निर्मुल**

सामाजिक विकृति हटाउने काममा सामाजिक परिचालकहरु, महिला वालवालिका कार्यालय, वालकल्याण समिति, महिला सञ्जाल, वाल क्लव, दलित, जनजाती संघ तथा अन्य संघ संस्थाहरुले जिल्ला विकास समितिको अगुवाईमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको पाईयो । खास गरी सामुदायिक संस्थाहरु, गैर सरकारी संस्था र अधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरुले घरदैलो कार्यक्रम, प्लेकार्ड, जुलुस, तालिम, गोष्ठि कार्यक्रमहरु सञ्चालन गरी यसलाई सार्थक वनाउने प्रयास गरेको पाईयो । यसका लागी विभिन्न जनचेतना फैलाउने कार्यक्रमहरु जस्तै दिवसहरु मनाउने महिला दिवस, वाल दिवस, प्रजातन्त्र दिवस तथा सांस्कृतिक पर्वहरु जस्तै तीज, भैलो, देउसी आदी कार्यक्रमहरु गरिएको पाईयो ।

विभिन्न सरोकारवालहरु संगको छलफल तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा विगतमा समाजमा देखिएको भेदभाव, वहिष्कृतिकरण, छुवाछुत जस्ता मानववाद संग मेल नखाने विकृतिहरु निकै कम भएको पाईयो । यद्यपी केही गाउंघरमा भने यो प्रचलन अझै रहेको कुरा छलफलका क्रममा वताईएको थियो । सामाजिक बाल विवाह कम भएको भएतापनि प्रेम विवाहहको कारण कम उमेरमा विवाह हुने क्रम भने रहेको पाईयो । महिला वेचविखन भने आषतित रुपले घट्न सकेको छैन ।

विविध कार्यक्रमहरु सञ्चालनको वावजुध पनि छिटपुट रुपमा वाल विवाह तथा छुवाछुत सम्वन्धी भेदभावका घटनाहरु भए । तालिका ८ अनुसार गत आवमा वाल विवाहरुको संस्था १३ भएको पाईयो जुन अघिल्लो आवमा १५ थियो । समुह छलफलको आधारमा छुवाछुत तथा सामाजिक भेलभाव निकै कम हुदै गएको पाईएको छ तर पनि करीव २५ प्रतिसत मानिसहरुमा यस्तो भेदभावको सोच भएको रहेको कुरा जानकारी गराईएको थियो ।

**तालिका :८ सामाजिक विकृतिको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| बाल बिवाहको संख्या | १५ | | सामाजिक परिचालन, सरकारी, गैर सरकारी निकाय तथा स्थानीय निकाय विचको समन्वय र सहकार्य, राष्ट्रिय अभियान । | १३ | |
| छुवाछुत तथा सामाजिक भेदभाव | समुहछलफलवाट आएको निस्कर्ष अनुसार यस्तो भेदभाव २५ प्रतिसत भन्दा वढि नभएको भन्ने विवरण । | | | छुवाछुत तथा सामाजिक भेदभाव न्युन हुदै गएको । | |

*स्रोत: जिल्ला वाल कल्याण समिति, काठमाण्डौ ।*

जिल्लामा वाल अधिकार संरक्षणको क्षेत्रमा राम्रा कामहरु हुदै आएका छन् । तालिका ९ मा उल्लेख भए अनुसार विभिन्न संस्थाहरुवाट जम्मा ६१ वालक र २३ वालिकाको उद्धार गरी पुनर्रस्थापना गरिएका थिए ।

**तालिकाः ९ वाल अधिकार संरक्षण सम्वन्धी कृयाकलापहरु**

| उद्धार गरिएको संस्था | पुनर्रस्थापना गरिएको संस्था | वालक | वलिका |
|---|---|---|---|
| अपाङ्गता असाहाय सेवा संघ | रुअन स्टार सुर्योदय | १५ | १० |
| अनाथ वाल कल्याण नेपाल | सिविस, सिविन | १० | ५ |
| आमाघर | सानो पाईला | २९ | ५ |
| पञ्च कुमारी वालआश्रम | सिविन हेल्पलाईन | ७ | ३ |
| कमलरी मुक्त | ६ जनाको उद्धार | ६१ | २३ |
| जम्मा | | | |
| कुल वालभेला | २४९ | | |

*स्रोत: महिला वालवालिका कार्यालय, आ.व २०७०/७१, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

**३.२.४ सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) को यथोचित सम्वोधन**

सामाजिक सुरक्षाकोलागी जिल्लामा स्थानीय निकायहरुको साथै महिला वालवालिका कार्यालय पनि सक्रिय रुपमा काम गर्दै गरेको पाईयो । यसका लागी स्थानीय निकायहरुले सामाजिक सुरक्षाको दायरामा पर्ने जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती जस्ता नागरिकहरुको तथ्याङ्क अद्यावधि गर्ने र सोको आधारमा योजना वनाई राज्यद्धारा प्राथमीकतामा राखेको सामाजिक सुरक्षा कार्यक्रमलाई यथोचित सम्वोधन गरेको पाईयो ।

तालिका १० अनुसार कुल ९७१२ जेष्ठ नागरिक, ९५६५ एकल महिला, ५९० अपाङ्ग, ११ पिछडिएको लोपोन्मुख जातीका नागरिकहरु भएका र ती सवैले प्राप्त गर्नुपर्ने सामाजिक सुरक्ष भत्ता प्राप्त गरेको

देखियो । यसका लागि स्थानीय निकायहरुले हरेक साल सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरुको तथ्याङ्क अद्यावधि गर्ने तथा लगत कट्टा समेत गर्ने गरेको देखियो ।

**तालिकाः १० सामाजिक सुरक्षाको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | जम्मा संख्या | समेटिएका संख्या | | जम्मा संख्या | समेटिएका संख्या |
| जेष्ठ नागरिक | १००२५ | १००२५ | गाविस तथा नगरपालिका र वार्ड तहमा जनचेतना कार्यक्रम सञ्चालन, घरधुरी सर्वेक्षण, राजनैतिक दल, सामाजिक कार्यकर्ता, गैसस तथा सामुदायिक संस्थाहरु संगको सहकार्यमा यथार्थ तथ्याङ्क संकलन, सामाजिक परिचालन । | ९७१२ | ९७१२ |
| एकलमहिला | ९०८७ | ९०८७ | | ९५६५ | ९५६५ |
| अपांग | ५०४ | ५०४ | | ५९० | ५९० |
| पिछडिएको क्षेत्र लोपुन्मुख जाती | ० | ० | | ११ | ११ |
| दलित बालबालिका | ९९७ | ९९७ | | | |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ २०६९/७० र आव २०७०/७१ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

तालिका ११ अनुसार गत आवमा जिविसले प्रमाणपत्र तह, कक्षा ११ का १५/१५ विपन्न जेहन्दार, जनजाती, महिलाहरु, १२ जना दलित र १ जना मधेसी तथा स्नातक तहमा १५/१५ विपन्न जेहन्दार, महिला, १४ जान जनजाती, ५ जना दलित र १ जना अपाङ्गलाई छात्रवृत्ति वितरण गरेको पाईयो । त्यसै गरी उपेक्षित, उत्पिडित दलित वर्गका २५ नागरिकहरुलाई कम्पुटर तालिम, पत्रकारिता तालिम र २० आदीवासि जनजातीलाई स्वरोजगार मूलक तालिम प्रदान गरेको पाईयो । यसवाट जिविसले सामाजिक सुरक्षाको क्षेत्रमा राम्रो कामको शुरुवात गरेको मान्न सकिन्छ ।

**तालिकाः ११ लक्षित वर्ग उत्थान सम्वन्धी कार्यक्रमहरु**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | समेटिएको संख्या | प्रतिसत | | समेटिएको संख्या | प्रतिसत |
| छात्रवृत्ति | | | छात्रवृत्ति वितरण । | १२० | |
| उपेक्षित, उत्पिडित दलित वर्ग उत्थान | | | कम्पुटर तालिम, पत्रकारिता तालिम | २५ | |
| आदीवासि जनजाती उत्थान | | | स्वरोजगार मूलक तालिम | २० | |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आव २०७०/७१ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

### ३.२.५ बाल श्रमको अवस्था

तालिका १२ अनुसार जिल्लामा कुल १२१८१ बाल श्रमीक रहेका छन जस मध्ये ५६.९ प्रतिसत बालक र ४३.१ प्रतिसत बालिका छन् । गत आव २०६९/७० मा कूल ११४७० बाल श्रमीक मध्ये वालक ५९.६९ प्रतिसत र बालिका ४०.३१ प्रतिसत थिए । समुह छलफलमा आएको निचोड अनुसार घरेलु श्रमकिमा वढी बालिका र उद्योग, क्याटरीङ्ग जस्ता प्रतिष्ठानहरुमा बढी बालक भएको पाईयो । बाल श्रमको क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन हुदै आएको भए पनि यसको अवस्थामा आशा गरिए अनुसारको उपलब्धि प्राप्त हुन सकेको छैन । खास गरी वालिकाहरु व्यक्तिगत घर तथा बालकहरु होटल, क्याटरिङ्ग, उद्योग कलकारखाना, व्यापारिक प्रतिष्ठानमा वढी भएको पाईयो

**तालिकाः १२ बाल श्रमको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| बालिका | ४९३२ | ४०.३१ | सामाजिक परिचालन, चेतना मुलक कार्यक्रमहरु, सामुदायिक संस्थाहरुसंगको सहकार्य आदी । | ५२३८ | ४३.१ |
| बालक | ६५३८ | ५९.६९ | | ६९४३ | ५६.९ |
| जम्मा | ११४७० | १००.०० | | | |
| बाल क्लवहरूको संख्या | २०९ | | | २१८ | |

*स्रोतः वेव साईटः ईन्डेक्स मुण्डि, २०१४ ।*

### ३.२.६ गरिवी निवारणका प्रयासहरू

जिल्लामा स्थानीय निकायहरु लगायत विभिन्न सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रका संघ संस्थाहरुले गरिवी निवारणको क्षेत्रमा काम गर्दे आएकाछन् । ती कार्यक्रमहरुवाट स्वरोजगार अभिवृद्धि तथा रोजगारी सिर्जना गर्न उल्लेख्य वातावरण तयार गरेको देखियो । खास गरी स्थानीय निकाय तथा पुर्वाधार निर्माणको क्षेत्रमा काम गर्ने सरकारी निकायहरुले सडक, पुल, सिंचाई जस्ता क्षेत्रमा आफुलाई केन्द्रित गरेको र अन्य निकायहरुले ती पुर्वाधारको उपयोग गरी आय आर्जन र रोजगारी अभिवृद्धिका कार्यमा काम गरेको पाईयो ।

### क) पुर्वाधार विकास

सडक निर्माण तथा मर्मत, खानेपानी, सिंचाई, विद्यालय भवन निर्माण तथम मर्मत, पर्यटन स्थलहरुको मर्मत तथा प्रवर्द्धन जस्ता योजनाहरु सञ्चालन गरी स्थानीय निकायहरुले पुर्वाधार विकासको क्षेत्रमा आफूलाई केन्द्रित गरेको पाईयो । तालिका १३ अनुसार जिविसले गत आवमा सञ्चालन गरेका कूल ६६६ आयोजनाहरु मध्ये ४७६ (७२.६७ प्रतिसत) पुर्वाधार विकासका योजनाहरु रहेका थिए । पुर्वाधार विकासका जम्मा ४७६ योजनाहरु मध्ये ६९.९६ प्रतिसत सडक, १०.९२ प्रतिसत खानेपानी, १०.०८ प्रतिसत भवन, ४.६२ प्रतिसत पर्यटन र ३१ प्रतिसत सिंचाईका योजनाहरु रहेका थिए । जुन अघिल्लो

आवमा क्रमशः ४९.३९, १४.६३, ४.४, ५.२ र ४.८ प्रतिसत थिए । यसवाट के प्रष्ट हुन्छ भने पुर्वाधार विकास काठमाण्डौ जिविसको पहिलो प्राथमीकता हो ।

**तालिकाः १३ पुर्वाधार विकासका योजनाहरु**

| विवरण | गत आव | | यस आव | |
|---|---|---|---|---|
| | जम्मा योजना | प्रतिसत | जम्मा योजना | प्रतिसत |
| सडक | ८१ | ४९.३९ | ३३३ | ६९.९६ |
| खानेपानी | २४ | १४.६३४ | ५२ | १०.९२ |
| सिंचाई | १२ | ४.८ | १० | २.१० |
| भवन | ११ | ४.४ | ४८ | १०.०८ |
| पर्यटन विकास | १३ | ५.२ | २२ | ४.६२ |
| खेलकुद | ५ | २ | १ | ०.२१ |
| झोलुङ्गे पुल | ४ | १.६ | ९ | १.८९ |
| विद्युत विकास | १४ | ५.६ | १ | ०.२१ |
| जम्मा | १६४ | १०० | ४७६ | १००.०० |
| कूल योजना संख्या | | | ६६६ | ७२.६७ |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन, आ.व. २०६९/७० र आ.व २०७०/७१ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

**ख) सामाजिक विकास**

जिविसले पुर्वाधार विकासको साथै सामाजिक विकासको क्षेत्रमा पनि काम गर्दै आएको देखिन्छ । तालिका १४ गत आवमा सञ्चालित कुल योजनाहरु मध्ये कुल २७.३३ प्रतिसत योजनाहरु सामाजिक विकासका थिए । जम्मा १७९ सामाजिक विकासका आयोजनाहरु मध्ये ४२.४६ प्रतिसत शिक्षा विकास, ३९.११ प्रतिसत धार्मीक सम्पदा संरक्षण, १०.०६ प्रतिसत विविध सामाजिक विकास (सामाजिक परिचालन, समुह गठन आदी), ८.३८ प्रतिसत आय आर्जन (कृषि व्यवसाय र पशुपालन सम्वन्धी तालिम) थिए । ती आयोजनाहरु अन्तर्गत समुह गठन, कृषि व्यवसाय तथा पशुपालन तालिम, कुरीलो खेती, च्याउ खेती, तरकारी खेती, मैन वत्ति, सिलाई कटाई तालिम तथा प्रसार सेवा, कम्पुटर तालिम, लैङ्गिक समानता, सामाजिक समावेशीकरण तालिम आदी उपलब्ध गराएको देखिन्छ । यसरी जिल्ला विकास समितिले पुर्वाधार तथा सामाजिक विकासलाई संग संगै लैजाने प्रयास गरेको देखिन्छ ।

**तालिकाः १४ सामाजिक विकासका योजनाहरु**

| विवरण | गत आव | | यस आव | |
|---|---|---|---|---|
| | जम्मा योजना | प्रतिसत | जम्मा योजना | प्रतिसत |
| धार्मीक, सास्कृतक सम्पदा संरक्षण | ० | ० | ७० | ३९.११ |
| आय आर्जन (कृषि व्यवसाय र पशुपालन सम्वन्धी तालिम | ३५ | ४०.६९८ | १५ | ८.३८ |
| जनसहभागितामा आधारित कार्यक्रमहरु | ३७ | ४३.०२३ | | ०.०० |
| शिक्षा | | ० | ७६ | ४२.४६ |
| विविध सामाजिक विकास (सामाजिक परिचालन, समुह गठन आदी) | १४ | १६.२७९ | १८ | १०.०६ |
| जम्मा | ८६ | १०० | १७९ | १००.०० |
| कूल योजना संख्या | | | ६६६ | २७.३३ |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन , आ.व. २०६९/७० र आ.व २०७०/७१ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं ।*

विकास निर्माणका कामहरुमा जिविसले आम नागरिकहरुको सहभागिता वढाउने गरेको पाईयो । तालिका १५ अनुसार जिविसले गत आवमा सञ्चालन गरेका कूल ६५५ योजनाहरु मध्ये केवल ५.५ प्रतिसत योजनाहरु मात्र ठेकेदार मार्फत गर्ने गरेको र वाकि सवै योजनाहरु कुनै न कुनै तरिकाले जनसहभागिता (उपभोक्ता समिति, गैसस, सामुदायिक संस्था, टोल सुधार समिति आदी) मार्फत गर्ने गरेको पाईयो । अघिल्लो आवमा भने कूल योजनाको १०.८ प्रतिसत योजनाहरु ठेकेदार मार्फत सञ्चालन गरिएका थिए । जनसहभागितामा आधारित कार्यक्रमहरु, शिक्षा, खानेपानी, जस्ता आयोजनाहरु खास गरी उपभोक्ता समितिहरु र सडक उपभोक्ता समिति र ठेक्का तथा विद्युत, झोलुङ्गे पुल जस्ता योजनाहरु ठेक्कावाट गरेको पाईयो । उपभोक्ता समितिहरुमा ६७ प्रतिसत महिला सदश्य र ३२ प्रतिसत दलित भएको र निर्णय प्रकृयामा उनीहरुको सक्रिय सहभागिता भएको पाईयो । यसरी जिविसले नागरिकहरुको प्रत्यक्ष संलग्नतामा योजनाहरु सञ्चालन गर्ने गरेको पाईयो ।

जिल्ला विकास समितिले अघिल्लो आवको तुलनामा गत आवमा निकै वढी योजनाहरु सञ्चालन गरेको पाईयो । जिविसको आन्तरीक स्रोत तथा वाह्य स्रोत पनि वढेकोले योजनाहरुको संख्या वढेको साथै सांसद विकास कोष मार्फत पनि योजनाको संख्या वढेकोले कूल योजनाको संख्या वढेको हो ।

**तालिकाः १५ योजना सञ्चालनमा समुदायको संलग्नता**

| योजना सञ्चालन गर्ने निकाय | अघिल्लो आव | | गत आव | |
|---|---|---|---|---|
| | योजना संख्या | प्रतिसत | योजना संख्या | प्रतिसत |
| जिल्ला विकास समिति (उपभोक्ता समिति मार्फत) | १२० | ५२.६१ | २८७ | ४३.८२ |
| ठेकेदार | २५ | १०.८ | ३६ | ५.५ |
| केन्द्रिय योजना | ० | ० | १९ | २.९ |
| जिविस आन्तरिक स्रोत (उपभोक्ता समिति) | ० | ० | १५२ | २३.२१ |
| गाविस मार्फत (उपभोक्ता समिति) | १०५ | ३६.५९ | ५ | ०.७६ |
| सांसद विकास कोष (उपभोक्ता समिति) | ० | ० | १५६ | २३.८२ |
| जम्मा | २५० | १०० | ६५५ | १०० |

*उपभोक्ता समितिहरुमा महिला सहभागिताः ६७ प्रतिसत , दलित सहभागिता ३२ प्रतिसत ।*

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ.व २०६९/७०, र आ.वा. २०७०/७१, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

### ग) आय आर्जन र रोजगारी प्रर्वधन

जिविस लगायत स्थानीय निकायहरु तथा पुर्वाधार विकासको क्षेत्रमा काम गर्ने विषयगत कार्यालयहरुको संलग्नतामा तयार गरिएका विभिन्न पुर्वाधारका अवसरहरु लाई उपयोग गरी जिल्लामा विभिन्न खाले सामाजिक विकासका योजना तथा कार्यक्रमहरु सचालनमा आएका थिए । ती योजनाहरु खास गरी कृषि, पशु तथा गैर कृषि व्यवसायहरु रोजगार सिर्जना, प्रर्वधन तथा स्वरोजगार अभिवृद्धि गर्ने खालका थिए । तालिका १६ अनुसार जिल्ला विकास समिति, गाउं विकास समिति तथा विषगत कार्यालयहरुको सयुक्त प्रयासमा कृषि क्षेत्रमा ३४५, पशुपालन र सम्वन्धित व्यवसायमा २३२ तथा अन्य गैर कृषि क्षेत्रमा ९९८ रोजगारी श्रृजना भएको देखिन्छ ।

**तालिकाः १६ गरिवी निवारणका प्रयासहरू**

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| जिल्ला विकास समितिको कार्यालय | जिविसले गरीव संग विशेश्वर कार्यक्रम तथा जिल्ला कृषि, पशु, महिला, वालवालिका, घरेलु तथा साना उद्योग, तथा अन्य सरकारी तथा गैर सरकारी कार्यालयहरु संग समन्वय र सहकार्य गरी स्वरोजगार सिर्जना गर्न विभिन्न | जिविसले गरिव संग विशेश्वर कार्यक्रम मार्फत १५७ समुह सदश्यहरुवाट रु १ करोड २० लाख ८१ हजार वचत गरी रु १ करोड २ लाख ६९ हजार लगानी गरेको छ । यसवाट १९ |

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| | सीप विकास तथा आय आर्जनका तालिम, प्रसार सेवा, नगद तथा वस्तु अनुदान दिने व्यवस्था गरेको छ । त्यसै गरि वचत परिचालन गरी समुह विस्तार तथा सुदृढीकरण कार्यलाई पनि निरन्तरता दिएको छ । पुर्वाधार विकासका कार्यक्रमहरु खास गरी सडक, सिंचाई, खानेपानी जस्ता कार्यक्रमहरुले पहुंच वृद्धि गरेको छ । | कृषक व्यवसायिक तरकारी खेती, ६ जना कुरीलो, १२ जना माहुरी, ९ जना पशु स्वास्थ्य र ३ जना मल वीउ विक्रि वितरण तथा ६५ जनाले गैर कृषि क्षेत्र (पसल, मैन वत्ति, अचार, सिलाई, व्रिकेट) गरी जम्मा ११४ नागरिक स्वरोजगारी वनेको । यसवाट थप १००० जना अप्रत्यक्ष रुपले लाभान्वित भएको पाइयो । |
| जिल्ला कृषि विकास कार्यालय | यस कार्यालयले १०० जना कृषकहरुलाई व्यवसायिक कृषक प्रमाणपत्र, १२७ वटा व्यवसायिक कृषि फार्म सूचीकृत, प्राङ्गारीक खेतीको १२ वर्षे रणनीति, काठमाण्डौको प्राङ्गारीक मापदण्ड पिजिसि विधि अनुसार तयार गरेको, ४५ वाट नमूना प्राङ्गारीक फार्म स्थापना, ७ वटा प्राङ्गारीक आउटलेट तथा कृषक समुह र सहकारीहरुलाई ५१ वटा पावर टिलर वितरण गरेको । प्लास्टिक घर निर्माणको लागि ५० प्रतिसत अनुदान, व्यवसायिक फूल खेतीको सुरुवात, प्राङ्गारीक खेतीको लागि भकारो सुधार, जैकि विषादी, प्राङ्गारीक मल जस्ता क्रियाकलापहरुमा सहयोग । | १९३ कृषक समुह (महिला ६९, पुरुष ११ र मिश्रित ११३) समुह का किसानहरुले मौसमी तथा वेमौसमी तरकारी खेती गरी थप १०० कृषक उद्यमी वनेको, फलफुलवाट ७२, मौरी पालनवाट २३, कुरीलोवाट १७ र जैविक खेतीवाट ४३ तथा पुष्प खेतीवाट ३०, च्याउवाट ६८ कृषकहरु थप आम्दानी गर्न सफल भएको । यसै गरी व्यवसायिक कृषि अन्तर्गत ८५०० कृषि मजदुरहरुले रोजगारी पाएको । फलफूलवाट ९ करोड, स्कुसवाट ७ करोड, च्याउ (९६० मे.टन)वाट ८ करोड, मौरीवाट १० करोड, गोलभेडा (८५० मे.टन) र अन्य तरकारी (१०६०० मे.टन) वाट २० करोड रुपैया आम्दानी गरेको पाईयो । |
| जिल्ला पशु सेवा कार्यालय | उपचार सेवा ११४३२, प्रयोगशाला सेवा २४०८, खोप सेवा ८३७००, कृत्रिम गर्भाधान सेवा १५८०७, प्रजनन वोका | पशु विकासको लागी कुल ७९ कृषक समुह गठन भएकाछन् र तीनका कुल १३४९ सदश्यहरु |

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| | वितरण १०, वीर वितरण १४ । ४४२ गाई, १७९ भैसिको विमा भएको । कुखुरा पालन, वंगुर पालन, पशु स्वास्थ्य तथा वाभ्कोपन निकारण सीविर, घासको वीउ वितरण, पशु प्रजनन कोषको स्थापना, नश्ल सुधार आदी कार्यक्रमहरु सञ्चालन गरी पशु विकासमा सहयोग गरेको थियो । पशु पालन सम्वन्धमा प्राविधिक सेवा, मासु व्यवसाय तालिम, दुग्ध व्यवसाय तालिम, घासको वीउ वितरण, वाखा व्याड वितरण आदी कार्यक्रमहरु सफल भएका थिए । | रहेकाछन् । उद्यमशीलतालाई हेर्ने हो भने जिल्लामा १५ वटा ह्याचरी, २४ वटा दाना उद्योग/पसल, ९७ वटा व्यवसायिक गाई भैसी फार्म, १७ वटा वाखा फार्म र २७ वटा वंगुर फार्म र २३३ कुखुरा फार्म सञ्चालनमा छन् । त्यसै गरी ३०७६ मासु पसल, जिल्लामा ९ एग्रोभेट, २६, मासु पसल, ७ डेरी उद्योग, २ वटा वधशाला र ५ वटा पशुवजार रहेकाछन् । यस क्षेत्रवाट कुल ५००० भन्दा वढी रोजगारीहरु सिर्जना भएको छ । |
| घरेलु तथा साना उद्योग कार्यालय | फेसन डिजाईन, व्युटि पार्लर, सिलाई कटाई, फुरन्दाना, क्युरियो सामान तयारी, अचार तालिम, अगरवत्ति तालिम, साभ्केदारी उद्यम विकास तालिम, उद्यम विकास तथा रोजगारी सिर्जना तालिम सञ्चालन गरिएको थियो । | हाल सम्म ३७३९५ (उत्पालन मूलक ९६३४, उर्जा मूलक १७८, पर्यटन मूलक ९५६९, कृषि/वन जन्य ५२३, सेवा मूलक १७४०५ र निर्माणका ८६) उद्योगहरु द्दर्ता भएकाछन् । ३ महिने सिलाई कटाई वाट ५७, व्युटी पार्लरवाट ५९, क्रिस्टल व्यागवाट २१, फेसन डिजाईनवाट २०, मखमली जुत्तावाट २० गरी जम्मा १७७ जनालाई रोजगारी मिलेकोछ । त्यसै गरी दालमोड वनाउने २०, हाते कटाई २०, अचार वनाउने २०, मैन वत्ति वनाउने २०, सिन्के धुप १५, क्रिष्टल गहना १७ र च्याउ खेती सम्वन्धी २३ गरी जम्मा १३४ जनालाई स्वरोजगार हुन सहयोग गरेको । |
| महिला तथा वालवालिका कार्यालय | सवै ५७ गाविसमा कार्यक्रम | कूल १९० जना महिलाहरुलाई |

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| | सञ्चालनमा गरी वचत संकलन र वचत परिचालन । वाल समिति गठन, वाल भेलाको आयोजना, कमलरी मुक्त कार्यक्रम । महिला सहकारी मार्फत आय आर्जन कार्यक्रम (च्याउ खेती, तरकारी खेती, फूल खेती, वाखा पालन, कुखुरा पालन, कुशन वनाउने, वेकरी तालिम, जुत्ता लिाउने, फुरुन्दाना वानउने तालिम, स्वास्थ्य सिविर, छात्रवृत्ति, मानसिक उपचार, पाठेघर खस्ने सम्वन्धी सिविर, वर्थिङ्ग सेन्टर निर्माणमा सहयोग, अपाङ्गता, आथ पुनरस्थापनामा सहयोग, वाल समिति गठन आदी सञ्चालन गरेको । | वाखापालन, तरकारी खेती, कुशन वनाउने तालिम सत्तचालन गरी स्वरोजगार वन्न सहयोग गरेको । ५७ वटा गाविसहरुमा सञ्चालन गरेको वचत कार्यक्रमवाट कूल ७१ लख ८ हजार ५ सय शेयर रकम, रु ११ करोड ८३ लाख ९१ ह्जार वचत गरी जम्मा रु १० करोड ६३ लाख ८५ हजार लगानी गरेको । यसवाट करीव ५७५ रोजगारी सिर्जना भएको । |
| जिल्ला भु संरक्षण कार्यालय | भुमी उत्पादकत्व संरक्षण, नर्सरी स्थापना, फलफुलको विरुवा वितरण, सिंचाई कुलो संरक्षण आदी । | फलफुल खेतीमा सहयोग पुगेको । |
| जिल्ला वन कार्यालय | कवुलियति वन, गैर काष्ठ वन पैदावर व्यवस्थापन उद्यम विकास कार्यक्रम, सामुदायिक वन व्यवस्थापन, जलवायु परिवर्तन अशर सम्वन्धी कोचिङ्ग, जडीवुटी तथा गैर काष्ठ उत्पादक सञ्जाल निर्माण, सा.व.उ.स.स्तरीय पर्यटन विकास अभिमुखिकरण गोष्ठी, विरुवा वितरण, नसंरी स्थापना, वृक्षारोपण आदी कार्यक्रम सञ्चालन गरेको । | कवुलियतीवन मार्फत १३५, सामुदायिक वनवाट २३१२, पर्यटन क्षेत्रवाट ५७ घरपरिवारले रोजगारीको व्यवस्था गर्न सकेको । |
| खानेपानी तथा ढल निकास विभाग क्षेत्रिय अनुगमन तथा सुपरीवेक्षण कार्यालय । | स्युचाटार तथा तीनथाना खानेपानी आयोजना सम्पन्न, गाउँ तथा नगर खानेपानी तथा सरसफाई समन्वय समितिको गठन, वातावरणीय सरसफाई प्रवर्द्धन गर्नको लागी प्यान र पाईप वितरण गरिएको । खुला दिशा मुक्त क्षेत्र घोषणा अभियान । | स्वच्छ खानेपानी ९३.९७ प्रतिसत र चर्पी सुविधा ९४.८५ प्रतिसत नागरिकहरुलाई पुगेको । ग्रामीण भेगका नागरिकहरुले खेर गएको पानीको प्रयोगवाट तरकारी खेती गर्न लागिएको र केही नागरीकहरुले पानी संकलन गर्न लाग्ने समय वचत गरी वाखा पालन, तरकारी |

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| | | खेती गर्न थालेको तर एकिन तथ्याङ्क नभएको । |
| मध्यमाञ्चलन सिंचाई विकास डिभिजन कार्यालय | सामुदाय द्वारा व्यवस्थित कृषि क्षेत्र सिंचाई आयोजना, मझ्यौला सिंचाई योजना, नन कन्भेन्सनल प्रविभि सिंचाई तथा मर्मत सम्भार योजना सञ्चालन । | विभिन्न आयोजनाहरुवाट कूल १३० हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा पुगेको । यसवाट करीव ३ हजार कृषक लाभान्वित भएको । |
| जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय | नदी नियन्त्रण, नदी किनार संरक्षण कार्यक्रम । | मनोहरा नदी नियन्त्रणमा सहयोग पुगेको । |

*स्रोतः स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ.व २०७०/७१, जिल्ला विकास समितिको कार्यालय, र सम्वन्धित विषगत कार्यालयहरु, काठमाण्डौ*

यसका अलावा सवै ५७ गाविसहरुमा सामाजिक परिचालनको कार्य सञ्चालन गरि आम नागरिकहरुलाई सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रवाट उनीहरुलाई प्राप्त हुन सक्ने सेवा, सुविधाको वारेमा चेतना फैलाउने कार्य भई रहेको छ । त्यसै गरी जिल्लामा २० भन्दा वढि अन्तराष्ट्यि तथा राष्ट्यि गैससहरुले सामाजिक विकासको क्षेत्रमा काम गरेको देखिन्छ ।  यिनीहरुले खास गरि कृषि, पशु, वन, खानेपानी र सरसफाई, सिंचाई, स्वास्थ्य, शिक्षा र गैर कृषि रोजगारी प्रवर्धनको लागी काम गरेको देखिन्छ ।

## *३.३ विकासमा समान सहभागीताको क्षेत्र*

### ३.३.१ जिल्ला विकास समिति

सवै वर्ग, क्षेत्र, लिङ्गका नागरीकहरुलाई विकासका हरेक क्रियाकलापहरुमा सहभागी गराउने र त्यसको एकिन गर्न जिल्ला विकास समितिले डिपीमास सूचना प्रणालीको कार्यान्वयन थालेको छ । यसवाट सेवा प्राप्त गर्ने नागरिकहरुको विभिन्न सूचकहरुलाई समावेश गरेकोछ । विकासका कार्यहरुमा विभिन्न जात जाती, वर्ग, समुदाय, लिङ्गका नागरिकहरुको सहभागीतालाई सुनिश्चत गरेको छ । खास गरेर उपभोक्ता समितिहरुको गठन, त्यसमा रहने पदाधिकारीहरुको चयन तथा लाभान्वितहरुको छनौट आदी कामहरुमा नेपाल सरकारले अवलम्बन गरेको नीति नियमहरुलाई परिपालना गरेको देखिन्छ । सवै उपभोक्ता समितिहरुमा ३३ प्रतिसत महिला तथा केही प्रतिसत पछाडी परेका वर्गहरुका नागरीकहरुको संलग्नता पाईयो । खास गरि दलित, जनजाती तथा विपन्न वर्गका नागरिकहरुलाई विकासमा सहभागी गराउन प्रयास गरेको पाईयो ।

### ३.३.२ विषयगत कार्यालयहरु

नेपाल सरकारका विषयगत कार्यालयहरुले पनि सम्वन्धित मन्त्रालयहरुको नीति नियमहरु र निर्देशनहरुको परिपालना गरी कार्यक्रमहरु सञ्चालन गरेको पाईयो । खास गरी जिल्ला कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, वन कार्यालय, शिक्षा कार्यालय, महिला वालवालिका कार्यालय, जनस्वास्थ्य कार्यालयहरुले गरीवी अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई सम्वोधन गरी तथ्याङ्क राख्ने

गरेको पाईयो । ती तथ्याङ्कहरुलाई हेर्दा विकाको कामहरुमा महिला, दलित, जनजाती तथा विपन्न वर्गका नागरीकहरुलाई वढी प्राथमीकता दिई उनीहरुको सहभागीतालाई सुनिश्चिात गरेको पाईयो ।

### ३.३.३ गैर सरकारी संस्थाहरु

जिल्लामा काम गर्ने विभिन्न गैर सरकारी संस्थाहरुले पनि नेपाल सरको प्राथमीकतालाई ध्यानमा राखि कार्यक्रमहरु सञ्चालन गर्ने गरेको पाईयो । उनीहरुले राखेको तथ्याङ्कलाई आधार मान्दा पनि महिला तथा पछाडी परेका वर्गहरुको सलग्नता वढेको पाईयो ।

तालिका १७ अनुसार ६३.४६ प्रतिसत नागरिकहरुले कुनै न कुनै खालको सेवा प्राप्त गरेको देखिन्छ । खास गरी जन्म, मृत्यु, विवाह, वसाई सराई, राहदानी, नागरिकता, सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य सेवा, कृषि, पशु, वन, खानेपानी, महिला, वालवालिका, शिक्षक, पेशाकर्मी आदी सवैलाई एकिकृत गर्दा कुल सहभागीहरु मध्ये ३१.७ प्रतिसत महिला, २.५४ प्रतिसत दलित, ३१.७३ प्रतिसत जनजाती र २९.१९ प्रतिसत अन्य जातका नागरिकहरुले विकासमा सहभागिता देखाएको पाईयो । सापेक्षताको आधारमा हेर्ने हो भने सवै अन्य जाती (व्राह्मण, क्षेत्री) को तुलनामा सेवा पाउनेहरु जनजाती, महिला र त्यस पछि दलित रहेका छन् ।

## तालिका १७ विकासमा समान सहभागीताको अवश्था

| | | सेवा ग्राही | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सेवा प्रदायक संस्था | जनसंख्या | महिला | प्रतिसत | दलित | प्रतिसत | जनजाती | प्रतिसत | अन्य | प्रतिसत | जम्मा | प्रतिसत |
| जम्मा | १७४४२४० | ८३१३०५ | ४७.६६ | ६९७७० | ४ | ८७२१२० | ५० | ८०२३५० | ४६ | १७४४२४० | १००.०० |
| जिविस/गाविस/नपा | ७०००५ | ३०२४२ | १.७३४ | २८०० | ०.१६ | ३५००३ | २.०१ | ३२२०२ | १.८५ | ७०००५ | ४.०१ |
| जिल्ला कृषि विकास कार्यालय | ९९७४ | ५१९६.५ | ०.२९८ | ३९९ | ०.०२ | ४९८७ | ०.२९ | ४५८८ | ०.२६ | ९९७४ | ०.५७ |
| जिल्ला पशुसेवा कार्यालय | ८५४० | ४६३७.२ | ०.२६६ | ३४१.६ | ०.०२ | ४२७० | ०.२४ | ३९२८.४ | ०.२३ | ८५४० | ०.४९ |
| जिल्ला वन कार्यालय | ९८३० | ४९२४.८ | ०.२८२ | ३९३.२ | ०.०२ | ४९१५ | ०.२८ | ४५२१.८ | ०.२६ | ९८३० | ०.५६ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ९३१२२५ | ५०५६५५ | २८.९९ | ३७२४९ | २.१४ | ४६५६१३ | २६.६९ | ४२८३६४ | २४.५६ | ९३१२२५ | ५३.३९ |
| महिला वालवालिका कार्यालय | ४५४० | ४५४० | ०.२६ | १८१.६ | ०.०१ | २२७० | ०.१३ | २०८८.४ | ०.१२ | ४५४० | ०.२६ |
| जिल्ला शिक्षा कार्यालय | ५७३०० | २९२२३ | १.६७५ | २२९२ | ०.१३ | २८६५० | १.६४ | २६३५८ | १.५१ | ५७३०० | ३.२९ |
| खानेपानी क्षेत्रिय सुपरिवेक्षण तथा अनुगमन कार्यालय | १३२७७ | ८१३८.८ | ०.४६७ | ५३१.१ | ०.०३ | ६६३८.५ | | ६१०७.४ | ०.३५ | १३२७७ | ०.७६ |
| घरेलु तथा साना उद्योग कार्यालय | २१३१ | ११३३.७ | ०.०६५ | ८५.२४ | ०.०० | १०६५.५ | ०.०६ | ९८०.२६ | ०.०६ | २१३१ | ०.१२ |
| मध्यमाञ्चल विकास डिभिजन सिंचाई कार्यालय | ० | | ० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| जम्मा | ११०६८२२ | ५५४१७७ | ३१.७७ | ४४२७३ | २.५४ | ५५३४११ | ३१.७३ | ५०९१३८ | २९.१९ | ११०६८२२ | ६३.४६ |

## *३.४ सेवा सुविधामा पहुंचको क्षेत्र*

### ३.४.१ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवामा पहुंच

तालिका १८ अनुसार, आर्थिक वर्ष २०६९/७० मा कुल ८१११३६ नागरिकहरुले ओपिडि सेवा लिएकोमा गत आवमा ९३१२२५ जनाले सो सेवा लिएको पाईयो । त्यसै गरी आव २०६९/७० मा ३७५ महिला र ७२५ पुरुषहरुले स्थाई परिवार नियोजन गरेकोमा गत आव २०७०/७१ मा क्रमशः ४३७ र ५२१ महिला तथा पुरुषले स्थाई परिवार नियोजन गरेको देखिन्छ । अस्थाई परिवार नियोजनको साधनको हकमा आव २०६९/७० मा महिला र पुरुष जम्मा गरी ११३२७८ जनाले यो सेवा लिएकोमा गत आव २०७०/७१ मा ९४१८८९ जना भएको पाईयो । परिवार नियोजनको साधनहरुको प्रयोगमा तात्विक फरक नदेखिनुमा प्रजनन उमेरका महिला तथा पुरुषहरु वैदेसिक रोजगारमा जानु र प्राकृतिक परिवार नियोजनको विधि अपनाउनु रहेको कुरा समुह छलफलका सहभागीहरुले वताएका थिए ।

**तालिकाः १८ स्वास्थ्य सेवामा पहुंच**

| विवरण | गत बर्षको अवस्था | उपलब्धि |
|---|---|---|
| | संख्या | संख्या |
| स्वास्थ्य सेवा लिनेहरुको संख्या (ओपिडि) | ८१११३६ | ९३१२२५ |
| स्थाई परिवार नियोजन गर्ने महिलाको संख्या | ३७५ | ४३७ |
| स्थाई परिवार नियोजन गर्ने पुरुषको संख्या | ७२५ | ५२१ |
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने महिला तथा पुरुषहरुको संख्या | ११३२७८ | ९४१८८९ |

*स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ, आ.व २०६९/७० र आ.व २०७०/७१, परिवार नियोजन संघ ।*

### ३.४.२ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवाको उपलब्धता

तालिका १९ मा उल्लेख भए अनुसार काठमाण्डौ जिल्लामा हाल सरकारी स्तरमा जिल्ला अस्पताल १, प्राथमीक स्वास्थ्य केन्द्र ८, स्वास्थ्य चौकी २६ र उपस्वास्थ्य चौकी ३२ रहेकाछन् । अघिल्लो आवमा उल्लेख भएका उप स्वास्थ्य चौकीहरु स्वास्थ्य चौकीमा रुपान्तरित भएकोले उपस्वाथ्य चौकीको संख्या कम देखिएको हो । त्यसै गरी ई.पि.आई. क्लिनिक ५४, आउट रिच क्लिनिक १३४, निजी स्वास्थ्य संस्थाहरु ४०० भन्दा वढी रहेका र तिनीहरुले आवस्यक स्वास्थ्य सेवा पुर्‍याउदै आएका छन् । हरेक गाविसमा कम्तिमा १ स्वास्थ्य स्वास्थ्य संस्थाहरु रहेकाछन् ।

**तालिकाः १९ जिल्लामा भएको स्वास्थ्य संस्थाहरुको विवरण**

| विवरण | गत बर्षको अवस्था | हालको अवश्था |
|---|---|---|
| | संख्या | संख्या |
| स्वास्थ्य चौकी | १५ | २६ |
| उप स्वास्थ्य चौकी | ४३ | ३२ |
| प्राथमीक स्वास्थ्य केन्द्र | ८ | ८ |
| केन्द्रिय अस्पताल | ११ | ११ |
| ई.पि.आई. क्लिनिक | | २५४ |
| आउट रिच क्लिनिक | | १३४ |
| निजी स्वास्थ्य संस्थाहरु | | ४०० +(७२ अस्पताल सहित) |
| स्वास्थ्य सेवा लिन लाग्ने समय (सरदर) | १ घण्टा | १ घण्टा |

*स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ, आ.व २०६९/७० र आ.व २०७०/७१*

यसरी हेर्दा आम नागरिकहरुलाई आफ्नै घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ । यस्ता संस्थाहरुलाई स्थानीय स्रोतको समेत परिचालन गरि थप स्वास्थ्यकर्मीहरुको व्यवस्था गरेको भन्ने कुरा समुह छलफलका सहभागीहरुले वताएका थिए । हालको अवश्थामा आम नागरिकहरुलाई वढीमा ४५ मिनेटको हिडाई वा यातायातको साधनको प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ ।

तालिका २० अनुसार अघिल्लो आव २०६९/७० मा कुल संक्रमित १३३६ भएकोमा महिला ३२.७१ र पुरुष संक्रमितको प्रतिसत ३२.७१ र पुरुष ६७.२१ प्रतिसत थिए भने गत आव २०७०/७१ मा यो वढेर १६९२ पुगेकोमा महिला ४३.३२ र पुरुष ५६.६८ प्रतिसत भएको पाईयो । जिल्ला विकास समितिको नेतृत्वमा एच.आई.भि र एड्सको क्षेत्रमा जिल्लामा विभिन्न संघ सस्थाहरुले काम गरिरहेको भए पनि यस क्षेत्रमा सुधार हुन नसकेको पाईयो ।

**तालिका : २० एच.आई.भि र एड्स संक्रमितको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| महिला | ४३७ | ३२.७१ | सामाजिक परिचालन, तालिम, गोष्ठि | ७३३ | ४३.३२ |
| पुरुष | ८९९ | ६७.२९ | | ९५९ | ५६.६८ |
| जम्मा | १३३६ | १०० | | १६९२ | १०० |

*स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ, आ.व २०६९/७० र आ.व २०७०/७१ वेव साईट ईन्डेक्स मुण्डि, २०१४ ।*

**३.४.३ शिक्षा सेवाको वितरण र यसको पहुंच**

तालिका २१ अनुसार काडमाण्डौ जिल्लामा जम्मा दश जोड दुई सम्मका १३५५ शैक्षिक संस्थाहरुमा रहेकाछन । जसमा ३३१ बालविकास केन्द्र, २७३ प्राथमीक विद्यालय, १६२ निम्न माध्यामिक विद्यालय, ७६४ माध्यामिक विद्यालय र १५६ उच्च माध्यामीक विद्यालयहरु छन । हरेक गाविस र नगरपालिकाका वार्डहरुमा विद्यालयहरु रहेकाछन र पढ्न चाहने सवै बालवालिकाहरुको लागी विद्यालय आधा घण्टा समयको दुरीमा रहेको पाईन्छ ।

## तालिकाः २१ जिल्लामा भएको शिक्षण संस्थाहरुको वितरण

| विद्यालयको किसिम | बालविकास | | प्राविं | | निमावि | | मावि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| सामुदायिक | ३२६ | ३२६ | ८७ | ८३ | ५३ | ५१ | ११३ | १११ | ४८ | ४८ | ३०१ | २९३ |
| संस्थागत | ० | ५ | १९० | १९० | १११ | १११ | ६५३ | ६५३ | १०८ | १०८ | १०६२ | १०६२ |
| जम्मा | ३२६ | ३३१ | २७७ | २७३ | १६४ | १६२ | ७६६ | ७६४ | १५६ | १५६ | १३६३ | १३५५ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, आ.व २०६९/७० र आ.व २०७०/७१*

तालिका २२ अनुसार काठमाण्डौ जिल्लामा जम्मा दश जोड दुई सम्मका विद्यार्थि संख्या ३०३,३३७० रहेकाछन् । जसमा ५०५७४ बालविकास केन्द्र, १४३५५३ प्राथमीक विद्यालय, ८२५६१ निम्न माध्यामिक विद्यालय, ५०१६३ माध्यामिक विद्यालय र २७०९३ उच्च माध्यामीक विद्यालयहरुमा रहेकाछन । प्राथमीक तहमा बालवालिकाको भर्नादर ९७.२ प्रतिसत रहेकोछ ।

## तालिकाः २२ शिक्षण संस्थामा अध्ययनरत विद्यार्थि संख्या

| विद्यालयको किसिम | बालविकास | | प्राविं | | निमावि | | मावि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| सामुदायिक | ५४०८ | ७००० | ४३८७४ | ४१२८९ | २८०३३ | २७०३४ | १७५२६ | १६६१९ | ९४७४ | १०६१२ | ९८९०७ | ९५५५४ |
| संस्थागत | ४३५७४ | ४३५७४ | ११३९४८ | १०२२६४ | ५९४१६ | ५५५२७ | ३६३०२ | ३३५४४ | १०६१६ | १६४८१ | २२०२८२ | २०७८१६ |
| जम्मा | ४९१८२ | ५०५७४ | १५७८२२ | १४३५५३ | ८७४४९ | ८२५६१ | ५३८२८ | ५०१६३ | २००९० | २७०९३ | ३१९१८९ | ३०३३७० |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, आ.व २०६९/७० र आ.व २०७०/७१ ।*

/

तालिका २३ अनुसार शैक्षिक संस्था र विद्याार्थी संख्या हेर्दा प्रति विद्यालय २२४ विद्यार्थि सख्या पाईयो । बालविकास केन्द्रमा १५३, प्राथमीक विद्यालयमा ५२६, तथा निम्न माध्यामिक विद्यालयमा ५१० विद्यार्थि प्रति विद्यालय भएको देखिन्छ । यसरी हेर्दा प्रति मावि तहमा विद्यार्थि संख्या प्रति मावि १३ मात्र देखिन्छ भने प्रति उच्च मावि विद्यार्थि संख्या १७४ भएको पाईन्छ ।

### तालिकाः २३ विद्यालय र विद्यार्थी संख्या

| विद्यालयको किसिम | बालविकास | | प्रावि | | निमावि | | मावि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| जम्मा | ४९१८२ | ५०५७४ | १५७८२२ | १४३५५३ | ८७४४९ | ८२५६१ | ५३८२८ | १०१५३ | २००९० | २७०९३ | ३१९१८९ | ३०३३७० |
| विद्यालय संख्या | ३२६ | ३३१ | २७७ | २७३ | १६४ | १६२ | ७६६ | ७६४ | १५६ | १५६ | १३६३ | १३५५ |
| प्रति विद्यालय विद्यार्थि संख्या | १५१ | १५३ | ५७० | ५२६ | ५३३ | ५१० | ७० | १३ | १२९ | १७४ | २३४ | २२४ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, आ.व २०६९/७० र आ.व २०७०/७१*

#### ३.४.४ कृषि सेवा संस्थाहरुको वितरण सेवामा पहुंच

तालिका २४ अनुसार काठमाण्डौ जिल्लामा जम्मा छ वटा कृषि सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले शालाखाला ९ वटा गाविसका किसानहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र कृषि सेवा केन्द्र सम्म पुग्न नागरिकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १ घण्टा ३० मिनेटमा सेवा लिन सक्ने अवश्था देखिन्छ । यसलाई हेर्दा कृषि सेवा केन्द्रहरुको सख्या वढाउन सके वा भएका सेवा केन्द्रहरुमा प्राविधिक कर्मचारी थप्न सके कृषि सेवा अझ प्रभावकारी हुने देखिन्छ ।

### तालिका २४ कृषि सेवामा पहुंच

| कृषि सेवा केन्द्रको नाम | सेवा पुर्‍याउने क्षेत्र (गाविस, नगरपालिका) | सेवा केन्द्र पुग्न लाग्ने समय | कैफियत |
|---|---|---|---|
| ईन्द्रायणी | ईन्द्रायणी, गागलफेदी, भद्रवास, आलापोट, वज्रयोगीनी, पुखुछाली, सुन्टोल, लप्सिफेदी, नाग्लेभारे । | अधिकतम २ घण्टा | |
| जोरपाटी | जोरपाटी, गोठाटार, मुलपानी, गोकर्ण, कपन, चुनीखेल, बालुवा, नयांपाटी, सुन्दरीजल, डांछी । | अधिकतम १ घण्टा ३० मिनेट । | |
| धापासी | गोगोवु, टोखा चन्डेस्वरी, धापासी, टोखा सरोस्वती, वुढानिलकण्ठ, गल्फुटार महांकाल, खड्का भद्रकाली, चपली भद्रकाली, झोर महांकाल । | अधिकतम १ घण्टा ३० मिनेट । | |
| बालाजु | ईचङ्गु, जितपुर, काभ्रेस्थली, धर्मस्थली, साङ्ला, फुटुङ्ग, | अधिकतम २ | |

| कृषि सेवा केन्द्रको नाम | सेवा पुर्‍याउने क्षेत्र (गाविस, नगरपालिका) | सेवा केन्द्र पुग्न लाग्ने समय | कैफियत |
|---|---|---|---|
| | मनमैजु । | घण्टा | |
| कलंकी | भिमढुङ्गा, रामकोट, सिता पाईला, स्युचाटार, नैकाप पुरानो भञ्याङ्ग, दहचोक, वाण भञ्ज्याङ्ग, थानकोट, महादेवस्थान । | अधिकतम १ घण्टा ३० मिनेट | |
| दक्षिणकाली | कीर्तिपुर नगरपालिका, मत्सेगाउं, चाल्नाखेल, सेतीदेवी, शेषनारायण, दक्षिणकाली, टल्कुटुंडेचौर, छैमले । | अधिकतम २ घण्टा । | |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय, काठमाण्डौ आ.व २०६९/७० र आ.व २०७०/७१ ।*

**३.४.५ पशु सेवा संस्थाहरुको विरतरण र सेवामा पहुंच**

तालिका २५ अनुसार काठमाण्डौ जिल्लामा जम्मा १० वटा पशु सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले औषत ५.५ वटा गाविसका किसानहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र पशु सेवा केन्द्र सम्म पुग्न कृषकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १.५ घण्टामा सेवा लिन सक्ने अवश्था देखिन्छ । यसलाई हेर्दा पशु सेवा तुलनात्मक रुपमा वढी उपलब्ध भएको देखिन्छ । यद्यपी कृषकहरुलाई अझ प्रभावकारी सेवा उपलब्ध गराउन प्राविधिकहरुको संख्या बढाउनुपर्ने देखिन्छ ।

**तालिकाः २५ पशु सेवामा पहुंच**

| पशु सेवा केन्द्रको नाम | सेवा पुर्‍याउने क्षेत्र (गाविस, नगरपालिका) | सेवा केन्द्र पुग्न लाग्ने समय | कैफियत |
|---|---|---|---|
| जहरसिंहचौवा | लप्सिफेदी, नाग्लेभारे | १ घण्टा | |
| ईन्द्रायणी | ईन्द्रायणी सांखु, गागलफेदी, भद्रवास, आलापोट, वज्रयोगीनी, पुखुछाली, सुन्टोल । | १.५ घण्टा | |
| नयांपाटी | मुलपानी, गोकर्ण, कपन, जोरपाटी, गोठाटार, बालुवा, नयांपाटी, सुन्दरीजल । | १ घण्टा | |
| खड्का भद्रकाली | खड्का भद्रकाली, चपली, चुनीखेल, महांकाल, डांछी । | १.५ घण्टा । | |
| टोखा सरोश्वती | टोखा चन्डेस्वरी, साड्ला, धापासी, गोगोवु, झोर महांकाल, टोखा । | १.५ घण्टा | |
| धर्मस्थली | धर्मस्थली, गोलढुङ्गा, जितपुर, काभ्रेस्थली, फुटुङ्ग । | १.५ घण्टा | |
| रामकोट | सीतापाईला, भिमढुङ्गा, रामकोट, ईचङ्गु, स्युचाटार । | १.५ घण्टा | |
| बलम्वु | वलम्वु, थानकोट, बाणभञ्ज्याङ्ग, दहचोक, महादेवस्थान, मतातिर्थ, सतुङ्गल, पुरानो नैकाप, नयां नैकाप तिनथाना । | १ घण्टा | |
| किर्तिपुर | कीर्तिपुर नगरपालिका, मत्सेगाउं, चाल्नाखेल | १ घण्टा | |
| दक्षिणकाली | सेतीदेवी, शेषनारायण, दक्षिणकाली, टल्कुटुंडेचौर, छैमले । | १.५ घण्टा | |

*स्रोतः जिल्ला पशुसेवा कार्यालय, काठमाण्डौ, आ.व २०६९/७० र आ.व २०७०/७१ ।*

## *३.५ जिल्लामा विकाको लागी देखा परेका समश्याहरु र समाधानका उपायहरु*

### ३.५.१ जिल्ला विकास कार्यक्रमका सवल, कमजोर पक्ष, अवसर र चुनौतीहरु

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| जिल्लामा काम गर्ने विभिन्न सरकारी, गैर सरकारी, नीज, विकास साझेदार, तथा अन्य सामुदायिक संस्थाहरु बीच राम्रो समन्वय भई विकासका कार्यक्रमहरु सञ्चालन गरिनु । | योजनाको संख्या वढी हुनु र सो अनुसार अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी गराउन नसक्नु । |
| जनताको प्रत्यक्ष संलग्नतामा उपभोक्ता समिति मार्फत योजना सञ्चालन गरिनु । | भए गरेका कामहरुको तथ्याङ्क अद्यावधि नहुनु र सूचनाहरु एकद्धार प्रणालीमा व्यवस्थित गर्न नसक्नु । हरेक संस्थाहरुले आ आफ्नै ढंगले सूचना भण्डारण गर्ने गरिनु । |
| पुर्वाधार विकास तथा सामाजिक विकासलाई समायोजन गरी योजना तर्जुमा तथा कार्यान्वयन गरिनु । | सामाजिक परिचालनका विभिन्न अवयवहरुको महत्व, काम, कर्तव्य सम्वन्धमा विभिन्न निकायहरुको वुझाईमा विविधता आउनु र सामाजिक परिचालकहरुलाई योजना तर्जुमा सम्वन्धमा सहि परिचालन नगरिनु । |
| न्यूसमा उत्तिर्ण भई कासमा ६५ अंक प्राप्त गरेको र ५० गा.वि.स.हरु न्यू.स.मा उर्त्तिण भएको । | |

*स्रोतः समुह छलफल र वार्षिक प्रगति प्रतिवेदन २०७०/७१ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

| अवसर | चुनौती |
|---|---|
| अघिकांश नागरिकहरु आफूले प्राप्त गर्नुपर्ने सेवा, सुविधा, हक अधिकार, सम्वन्धमा चेतनशील वनेको । सामाजिक परिचालन कार्य मार्फत गाउँ गाउँमा सामुदायिक संस्थहरु समेत कृयाशील हुनु । | स्थानीय निकायमा लामो समय देखि निर्वाचित जन प्रतिनिधि नहुनु । |
| स्रोत र साधन जुटाउन वलियो आधार (राजधानी भएको फाईदा लिन सकिने ) | राजनैतिक तरलता रहनु । |
| उत्पादन हुन सक्ने सवै खाले वस्तु तथा सेवाहरुको राम्रो वजार भएको । स्वरोजगार वन्न तथा रोजगारी प्राप्त गर्न सक्ने वातावरण वनेको । | |

*स्रोतः समुह छलफल र वार्षिक प्रगति प्रतिवेदन २०७०/७१ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

### ३.५.२ जिल्ला विकास समितिको मुख्य समश्याहरु र समाधानको प्रयासहरु

| क्रस | मुख्य समश्यहरु | समाधानका उपायहरु |
|---|---|---|
| १ | प्राकृतिक स्रोत साधन (ढुङ्गा, गिटी, वालुवा, माटो) आदिको व्यवस्थापनको लागि स्पष्ट मापदण्ड, संयन्त्र र समन्वय समेत नहुँदा उक्त विषय कार्यालयको लागि सधै तनावको विषय वनेको । | स्पष्ट मापदण्ड र संयन्त्र तयार गर्ने र समन्वय मिलाउने । |
| २ | गविस सचिव व्यवस्थापन (समायोजन पछाडी) को कारण सेवा प्रवाहमा समस्या । | पदस्थापना भएका नयाँ सचिवहरुलाई सघन रुपमा कार्य सञ्चालन तालिम दिनुपर्ने । |
| ३ | गैसस मार्फत भई रहेको ठूलो लगानीको अभिलेख जिविसमा नरहेको । अझैपनि धेरै गैससहरुको कार्यक्रम जिविसको योजना प्रकृयामा आवद्ध हसुन नसक्नु । | गैससहरुको स्थानीय निकायसंगको समन्वयमा वाध्यकारी व्यवस्था हुनुपर्ने । |
| ४ | जन निर्वाचित प्रतिनिधिको रिक्तताले गर्दा योजना, कार्यक्रम छनौट, तयारी, अनुगमन र मुल्याङ्कनमा प्रभावकारीता ल्याउन नसकेको । | यथाशिघ्र स्थानीय निकायको निर्वाचन हुनुपर्ने । |
| ५ | सार्वजनिक खरिद ऐन अनुसारको रु ५ हजार भन्दा माथिको खर्चलाई अनिवार्य रुपमा भ्याट विल लिन नसक्नु । | भ्याटको सीमा वढाउन वा उपभोक्ता समितिलाई प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी दिन सक्ने व्यवस्था हुनुपर्ने । |
| ६ | सार्वजनिक सम्पत्तिको प्रभावकारी नियमन, संरक्षण र उपयोग गर्न नसक्नु । | कानूनमा प्रष्ट व्यवस्था हुनुपर्ने । |
| ७ | एउटै कार्यक्रममा विभिन्न निकायबाट हुने सहयोगलाई एकिकृत गर्न नसक्नु । | समन्वय र सहकार्यलाई बढाउनु पर्ने । |

*स्रोत: समुह छलफल र वार्षिक प्रगति प्रतिवेदन २०७०/७१ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

### ३.५.३ जिल्ला विकास समितिवाट सेवा प्रवाहलाई प्रभावकारी वनाउन चालिएका कदमहरु:

- जिविसले कार्य तालिका तयार गरी सोही अनुसार कार्यक्रम संचालन गर्ने गरेको ।
- सार्वजनीक सुनुवाई कार्यक्रम ३ पटक सम्पन्न भएको (२०७० कार्तिक १४ रामकोटमा, २०७० फागुन २९ मा महाँकाल र २०७१ जेठमा मातातिर्थमा ) ।
- सवै निर्माणधिन योजनाहरुको साईटमा सुचना पाटी राख्न अनिवार्य गरिएको र यसलाई योजना फरफारकको अभिन्न अंग वनाईएको ।
- गुणस्तर परीक्षणको ल्याव को व्यवस्था तथा प्रयोगको सुनिश्चितता मिलाईएको ।
- जिल्ला विकास समितिवाट प्रकासित वार्षिक रणनीतिक जिल्ला विकास गुरुयोजनामा सम्पुर्ण गाविस, जिविस, विषयगत कार्यालय र गैर सरकारी संस्थाहरुको आव ०७०/७१ म सञ्चालन हुने योजना विवरण, योजना कन्टिन्जेन्किा योजना समेत समावेस गरिएको ।
- जिल्ला यातायात गुरु योजना (DTMP) तयार गरी कार्यान्वयनमा ल्याएको ।

- आवधिक जिल्ला विकास योजना (PDDP) तयारी कार्य अगाडी वढाएको ।
- खुला दिसामुक्त जिल्लाको रुपमा अधि वढ्नको लागि रणनैतिक योजना तयार गरी कार्यान्वयनमा ल्याएको (१६ गाविस खुला दिसामुक्त घोषणा भएको ।

*३.६ सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव*

जिल्ला विकास समिति र अन्तर्गतका कार्यालयहरु मार्फत सञ्चालिक कार्यक्रमहरुले सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा ठुलो योगदान पुर्‍याएको देखिन्छ । जसलाई निम्न अनुसार व्याख्या गरिएको छ ।

**क) शिक्षा क्षेत्र**

जिल्ला शिक्षा कार्यालय, स्थानीय निकायहरु तथा विभिन्न गैर सरकारी संस्थाहरु मार्फत सञ्चालित साक्षरता कार्यक्रम, सामुदायिक अध्ययन केन्द्र, वैकल्पिक विद्यालय, गृहणी विद्यालय, खुला विद्यालय, अनौपचारिक प्राथमीक शिक्षा कार्यक्रम, प्रारम्भिक वाल विकास कार्यक्रम, निशुल्क पाठ्य पुस्तक, अनिवार्य आधारभुत शिक्षा कार्यक्रम, दलित, महिला छात्रवृत्ति कार्यक्रम भौतिक सुविधा विस्तार कार्यक्रम, वैकल्पिक शिक्षा कार्यक्रम (गृहणी, खुला विद्यालय, अनौपचारीक शिक्षा), समाहित शिक्षा सम्वन्धी कार्यक्रम, साक्षरोत्तर शिक्षा सम्वन्धी कार्यक्रम, शिक्षकहरुको पेशागत विकास, अन्य सरोकारवालाहरु (विद्यालय व्यवस्थापन समिति, अभिभावक) क्षमता विकास, आईसिटि का कार्यक्रमहरु, विद्यालय प्रोत्साहन अनुदान जस्ता कार्यक्रमहरु सञ्चालन गरी शिक्षा क्षेत्रको गुणत्मक सुधार गर्ने प्रयास गरिएको थियो । यसै कारण अभिभावकहरुले शिक्षाको महत्व वुझि आफ्ना छोराछोरीलाई विद्यालय पठाउने गरेकाछन् । जसले गर्दा कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा ९५.२ वाट बढेर ९५.३ प्रतिसत पुगेको छ । प्राथमिक तहमा कक्षा उत्तिर्ण हुने दर ८९.९ प्रतिसतवाट वढेर ९७.२ प्रतिसत र विद्यालय छोड्ने वा दोहोर्‍याउने दर ६.३ वाट घटेर २.८ प्रतिसतमा झरेकोछ ।

**ख) स्वस्थ्य क्षेत्र**

सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय विचको समन्वय, सहकार्य तथा सामाजिक परिचालन अन्तर्गत आम नागरिकको चेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, प्रसुति भत्ता, सडक मर्मत तथा निर्माण, सेवा र सुविधामा विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्कर्मीको व्यवस्था, टोल टोलमा खुलेका नीजि क्लिनिक, अस्पताल, आउट रिच क्लिनिक आदीको कारण स्वास्थ्य क्षेत्रमा पनि राम्रो उपलब्धि हासिल भएकोछ । सासुहरु, श्रीमानहरु, तथा घरका अन्य सदश्यहरुमा आएको सकारात्मक सोचका कारण गर्भवती, सुत्केरी तथा सुत्केरी पश्चात पनि उनीहरुको राम्रो ख्याल गर्ने गरेको पाईयो । स्वस्थ्य नागरिकको संख्या वढ्नाले व्यक्ति तथा घरपरिवारको आम्दानीमा पनि प्रगति भएको देखिन्छ ।

कुल घरधुरी संख्याको ९४.१ प्रतिसत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरी स्वास्थ्य संस्थामा पुग्न सक्ने अवश्था देखिएको छ जुन गत आवमा ९३.९ प्रतिसत

थियो । एक बर्ष मुनीका बालबालिकाको आधारमा खोपमा पहुच १००.६ प्रतिसत, ४ पटक गर्ववती जाच गरिएको महिलाको प्रतिसत गत आवमा ५६.३३ प्रतिसत, दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको प्रतिसत गत आवको ८०.१ प्रतिसत बाट वढेर ८२.५ पुगेको छ भने सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवारको प्रतिसत गत आवमा ५७.७ भएकोमा यो बढेर ६३.३ भएकोछ । यसरी स्वास्थ्य क्षेत्रमा राम्रो प्रभाव परेको देखिन्छ ।

### ग) खानेपानी र सरसफाईको क्षेत्र

खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत जस्ता कार्यक्रमहरु विभिन्न सरकारी गैर सरकारी तथा स्थानीय निकायहरु वीचको समन्वय, सहकार्यवाट सञ्चालन भएका थिए र निनीहरुको संयुक्त प्रयासवाट आम नागरिकहरुमा खानेपानी र सरसफाईको क्षेत्रमा सुधार आएको देखिन्छ । २०६९/७० मा ८६.१६ प्रतिसत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध भएकोमा गत आव २०७०/७१ मा यो वढेर ९३.९७ प्रतिसत पुगेकोछ । सौचालयको सुविधा भएका नागरिकहरु ९४.७ प्रतिसत वाट वढेर ९४.८५ प्रतिसत पुगेको थियो । त्यसै गरी खानेपानीको सुविधा भएका प्राथमीक विद्यालयहरु अघिल्लो आवमा ९१.३ प्रतिसत भएकामा गत आवमा ८९.५ प्रतिसत पुगेको र व्यवस्थित सौचालय हुने प्राथमीक विद्यालयहरु ९१.९४ प्रतिसत भएको पाईयो । खानेपानीको सुविधा भए पछि खानेपानी लिन जाने समयको वचत गरी आम नागरिकले तरकारी खेती, वाख्रापालन जस्ता आय आर्जनका कामहरु गरी आर्थिक उपार्जनका कार्यहरु पनि गर्दै आएका पाईयो । यसवाट हुने आम्दानी मानिसहरुले वालवालिकाको शिक्षा, स्वास्थ्य तथा अन्य आय आर्जनको क्षेत्रमा लगानी गर्ने गरेकोले समग्र सामाजिक विकासमा राम्रो प्रभाव पार्न सकेकोछ ।

### घ) सामाजिक विकृति विसंगति न्युनीकरणको क्षेत्र

समाजमा रहेको सामाजिक विकृति हटाउन जिल्लामा जिल्ला विकास समितिको अगुवाईमा विभिन्न निकायको प्रयास गरेको पाईयो । यसका लागी विभिन्न जनचेतना फैलाउने कार्यक्रमहरु जस्तै दिवसहरु मनाउने महिला दिवस, वाल दिवस, प्रजातन्त्र दिवस तथा सांस्कृतिक पर्वहरु जस्तै तीज, भैलो, देउसी आदी मनाएको पाईयो । यसवाट वालश्रमको मात्रामा कमी आएको, महिला हिंसामा कमी, यौनजन्य दुर्वेवहारमा कमी आएको छ ।

### ङ) सामाजिक परिचालनको क्षेत्र

५६ सामाजिक परिचालकहरु, ५८८३ (५६.३ प्रतिसत पुरुष । ४३.७ प्रतिसत महिला) वडा नागरिक मञ्चका सदश्यहरु, ५७ नागरिक सचेतना केन्द्रका १७७० सदश्यहरु (७१.१ प्रतिसत महिला र २८.९ प्रतिसत पुरुष) मार्फत नागरिकहरुलाई आफूले प्राप्त गर्न सक्ने सेवा, सुविधा, अधिकार र कर्तब्यबारे जानकारी गराउन संलग्न भएको कारण नागरिकहरु आफ्नो विकास आफै गर्नु पर्दछ भन्ने कुरामा अगाडी वढी सकेकाछन् । यसले उनीहरु विकास कार्यमा संलग्न हुन तयार भै सकेकाछन् । मानव समसाधनको उचित उपयोगवाट समग्र उत्पादन र उत्पादकत्व बढेको छ । नागकिहरुको सामाजिक

विकास, विकासमा संलग्नतामा वृद्धि भई पारदर्शिता तथा जवाफदेहिता पनि वढेको छ । वस्ति, वस्तिवाट उठान भएका विकासका योजनाहरु वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र हुदै एकिकृत योजना तर्जुमा समिति र गाविस परिषद सम्म पुग्ने व्यवस्था भएकोले योजना तर्जुमा कार्यमा समेत सुधार भएको छ । यसवाट निर्वाचित जनप्रतिनिधिको अभावमा समेत नागरिकका आवश्यकताका योजनाहरु कार्यान्वयन गर्न सकिने आधार तयार भएकोछ ।

**च) गरिवी निवारणको क्षेत्र**

पुर्वाधार विकास तथा सामाजिक विकासका कार्यक्रमहरु एकिकृत ढंगले सञ्चालन हनु र जिल्ला विकास समितिको अगुवाईमा विभिन्न स्थानीय निकायहरु, सरकारी तथा गैर सरकारी निकाय, नीजी क्षेत्रको संलग्नतामा गरीवि निवारणका विभिन्न योजनाहरु सञ्चालन भएकै कारण गरिवी निवारणको क्षेत्रमा राम्रो उपलब्धि हासिल भएको देखिन्छ । योजनाहरु जनसहभागितामा सञ्चालनमा आएकोले जनताले त्यसलाई अपनाएका पनि छन् । कृषि क्षेत्रमा जिल्लामा निकै राम्रो सुधार भएको देखिन्छ यस क्षेत्रमा ४८० उद्यमीहरु भएको र उनीहरुले करीव ८ हजार ५०० मानिसहरुलाई रोजगारी दिन सकेको छ भने करी १ अर्व वरावरको आर्थिक कारोवार गर्न सकेको छ । गोलभेडा तथा अन्य वेमौसमी तरकारी खेती, माहुरी पालन, च्याउ खेती, तथा प्राङ्गारीक खेतीमा भएको विकासको कारण कृषकहरुको आम्दानी वढेको छ । त्यसै गरी पशु स्वास्थ्य तथा वाझोपन निवारण सिविर, कुखुरापालन तालिम, घास खेतीमा विस्तार, कृत्रिम गर्भाधान कार्यक्रमहरु सञ्चालनवाट ५ हजार भन्दा वढीले रोजगारी पाई रहेकाछन् । जिविसवाट सञ्चालित गरिवसंग विशेश्वर कार्यक्रम अन्तर्गत ११४ जनाले प्रत्यक्ष र १०० वढीले अप्रत्यक्ष रुपले रोजगारी पाएकाछन् । स्वरोजगार वन्नेहरुमा खास गरी महिला तथा पिछीएका वर्गहरु बढी भएको पाईएवाट जिल्ला विकास योजनाहरु गरिवी न्यूनीकरण तर्फ वढीरहेको देखिन्छ । यसरी जिल्लामा सचालित विभिन्न कार्यक्रमहरुवाट प्रसस्त रोजगारी सिर्जना भई गरिवी निवारणको क्षेत्रमा उल्लेख्य सुधार भएको देखिन्छ ।

# अध्ययाय ४ निश्कर्ष र सुझाव

## *४.१ निश्कर्ष*

जिल्लामा सञ्चालित पुर्वाधार विकासवाट सिर्जना भएको अवसरहरुलाई उपयोग गर्दे काठमाण्डौ जिल्लामा जिल्ला विकास समितिको नेतृत्वमा गत आव २०७०/७१ मा विभिन्न विकासको कामहरु सञ्चालन गरेको पाईयो । नागरिकहरुको चेतनामा भएको वृद्धि, विकास कार्यमा उनीहरुको उत्साह, संलग्नता र कुशल व्यवस्थापन गर्ने क्षमताले सामाजिक विकासमा सुधार भएको पाईन्छ । जिल्ला विकास समितिको नेतृत्वमा जिल्लामा विकासको क्षेत्रमा काम गर्ने स्थानीय निकायहरु, विभिन्न सरकारी, गैर सरकारी तथा नीजि संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासमो लागी काम गर्ने निकायहरुको वीचमा समन्वय भई दोहोरोपनलाई न्युनीकरण गर्न सहयोग मिलेको देखिन्छ ।

विभिन्न सरकारी गैर सरकारी, नीजि संघ संस्था, सामुदायिक संस्थाहरुको समन्वय र सहकार्यमा मात्र विकासका कार्यहरुलाई एकिकृत गर्न सकिन्छ र स्रोत व्यवस्थापन गरी अधिकतम प्रतिफल प्राप्त गर्ने आधार तयार हुन्छ भन्ने कुरालाई जिविस काठमाण्डौले मूल मन्त्रको रुपमा लिएको पाईयो । यसले आम नागरिकहरुमा विकास र यसका संरचनाहरुको अपनत्व स्वीकार गर्ने वातावरण तयार भएको छ । नागरिकहरुलाई सेवा र सुविधा प्रदान गर्न सरकारले स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन जस्ता सामाजिक विकासका संरचनाहरु गाउं गाउंमा पुर्‍याएको र स्थानीय निकाय तथा आम नागरिकहरुले त्यसलाई संरक्षण र प्रर्वद्धन गर्ने गरेको कुरा आफैमा प्रसम्सनिय भएको छ ।

जिल्लामा सञ्चालनमा रहेको रुपान्तरणिय सामाजिक परिचालनले नागरिकहरुलाई विकास कार्यमा तयार गर्न र उनीहरुमा भएको आन्तरीक उर्जालाई विकासको काममा लगाउन सजिलो भएको छ । नागरिकहरु राज्य तथा राज्यवाट स्वीकृति लिई सञ्चालनमा रहेका विभिन्न संघ संस्थाहरुले उनीहरुलाई प्रदान गर्नुपर्ने सेवा, सुविधा र त्यसमा उनीहरुको हक, अधिकार र कर्तव्य प्रति चनाखो वन्दै गएको देखिन्छ । यसै कारण सेवा प्राप्त गर्नेहरुको संख्या उल्लेखनिय ढंगले वढेको छ । आम नागरिकहरु खास गरी महिला, बालवालिका, दलित, जनजाती, आदीले कृषि, पशु, खानेपानी, सिचाई, वन, पारालिगल समुह आदी सवैको संलग्नतामा गठन भएका वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरुमा आफ्नो उपस्थितिलाई स्थापित गर्न थालेकाछन् । यस प्रकृयाले नागरीकहरुको आवस्यकतामा आधारित विकास योजना स्वस्कृत हुने र सञ्चालन हुने आधारहरु प्रष्ट देखिन थालेकाछन् ।

जिल्लामा खास गरि शिक्षा, स्वास्थ्य र सरसफाईको क्षेत्रमा प्रगति भएको र त्यसको माध्यमवाट रोजगारी श्रृजना गर्न, प्रर्वद्धन गर्न र विस्तार गर्न सहजिकरण भएको देखिन्छ । नागरिकहरु आज कृषि, पशुपालन, उद्योग सञ्चालन गरी स्वरोजगार वनेका छन भने व्यवसायिक कृषि फार्महरुले ८ हजार ५ सय भन्दा वढी रोजगारी सिर्जना गरेकाछन् । पुर्वाधार विकास र समाजिक विकासलाई समन्वयात्मक ढंगले अगाडी वढाएकै कारण रोजगारीको साथमा स्थानीयहरुको आम्दानीको स्रोत पनि बढ्न गई गरिवि निवारणको क्षेत्रमा समेत सकारात्मक प्रभाव परेको छ ।

जिल्ला विकासका कार्यक्रमहरुवाट जिल्लामा सामाजिक तथा आर्थिक क्षेत्रमा सुधार भएको देखिन्छ । सडक विस्तार, विद्युत, खानेपानी तथा सिंचाईको विकासवाट प्राप्त अवसरहरुकै कारण सेवा र वस्तुमा आम नागरिकको पहुंच वढेकोछ र सेवा र वस्तुको उचित प्रयोगले उत्पादकत्व वढ्ने संकेत देखिएको छ । यहि क्रम अगाडी वढाउदै देखा परेका समश्यालाई पन्छाउने र अवसरहरुलाई उपयोग गर्दे जाने हो भने आम नागरिकको जीवनशैलीमा सहजता र जीविकोपार्जनलाई स्थापित गर्न मदत पुग्नेछ । नागरिकहरुलाई आफ्नो काम प्रति जिम्वेवार वनाउने प्रयासलाई सशक्त र प्रभावकारी वनाउने आधारहरुलाई फराकिलो गराउन जिविस काठमाण्डौले प्रयास गरे पनि सोचे अनुसारको प्रतिफल पाउन सकेको छैन ।

यस्ता सफलताहरु प्राप्त हुन सके पनि विकासका हरेक कार्यहरु चुनौति पुर्ण वनेकाछन् । लामो समय देखि निर्वाचित जनप्रतिनिधि नहुनु, राजनैतिक तरलता रहनु, राज्यका नियम कानूनहरुलाई परिपालना गराउन असहज हुनु जस्ता कारणहरुले विकास कार्यमा जटिलता थपेको देखिन्छ ।

कतिपय सरकारी नीति नियमहरु एक आपसमा वाझिएकाछन् । खरिद ऐनको कारण आयोजनाहरु समयमा नै सम्पन्न हुन नसक्ने, गुणस्तर कायम गर्न नसकिने र योजनाहरु अधुरो रहने खतरा वढ्ने गरेकोछ । करको नीति खास गरी भ्याट विलको सम्वन्धमा ५ हजार भन्दा वढीको खरिदमा भ्याट विलको आवस्यकता गर्ने तर सामुदायिक संस्थाहरुसंग त्यस्तो विल हुन नसक्ने हुदा जनसहभागितामा आधारित विकास योजना सञ्चालन गर्न कठिनाई परेको देखिन्छ ।

त्यसै गरी विषयगत कार्यालयहरु मार्फत नागरिकहरुलाई दिनु पर्ने सेवा सुविधा पनि अपुग भएको देखिन्छ । कृषि, पशुसेवा केन्द्र, उपकेन्द्रहरुको सख्यामा कमी भएकै कारण किसानहरु सेवा लिनको लागि १.५ घण्टा खर्चेर सेवा केन्द्र पुग्नुपर्ने अवस्था छ भने सेवा केन्द्रमा पनि पर्याप्त जनशक्ति नभएको अवस्था रहेको पाईयो ।

जिल्लामा रहने सूचनाहरुलाई एकिकृत गर्ने र एकद्धार प्रणाली अपनाउन नसक्दा एकै विषयको तथ्याङ्क फरक फरक हुने गरेको पाईयो । सवै निकायहरुले एकै खाले अनुगमन र सूचना अभिलेखिकरण गर्ने प्रणालीको विकास नभएकै कारण तथ्याङ्कलाई एकिकृत गर्न अपठेरो परेको देखिन्छ ।

### *४.२ सुझावहरु*

१. जनसहभागितामा आधारित विकास कार्यहरु सञ्चालन गर्दा हालको करको व्यवस्था अव्यवहारिक भएकोले यसमा आवस्यक परिमार्जन गर्न अनिवार्य पहल गर्न सिफारिस गरीन्छ ।
२. हालको खरिद ऐनको व्यवस्था अनुसार कम कवोल गर्नेलाई ठेक्का दिनुपर्ने अवस्था छ । यस्तो व्यवस्थाको कारण पहिला कम कवोल गर्ने र पछि भेरियसन आदी देखाई समयमा कार्य सम्पन्न नगर्ने परिपाटी वस्न लागेको छ र विकासका योजनाहरु समयमा नै सम्पन्न नहुने र गुणस्तरमा पनि प्रश्न आउने भएकोले उक्त खरिद ऐनमा परिमार्जन गर्न सिफारिस गरिन्छ ।

३. कृषि तथा पशु सेवा केन्द्र तथा प्राविधिक कर्मचारीहरु समेत कम भएकोले आवस्यकता अनुसारको सेवा पुयाउन कठीनाई परेको छ । त्यसैले जिविस तथा गाविस, नगरपालिकाहरुले आन्तरीक स्रोत परिचालन गरेर भए पनि सेवा केन्द्रहरुको विस्तार र प्राविधिक कर्मचारीहरुको व्यवस्था गर्नुपर्दछ ।
४. रुपान्तरणीय सामाजिक परिचालनलाई सवल र सफल वनाउन केवल सामाजिक परिचालकहरुको मात्र क्रियाशिलता अपुग हुन्छ । यसका लागि वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका सदश्यहरुलाई अनुगमन तथा मुल्याङ्कन कार्यमा समेत क्रियाशिल वनाउनको लागि आवस्यक वजेटको व्यवस्था गरी कार्य अघि वढाउन उपयुक्त हुन्छ ।
५. भए गरेका कामहरुको अभिलेखिकरण गरेमा मात्र सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरुलाई सहि आकलन गर्न सकिन्छ । त्यसले भावि नीति र रणनीति वनाउन सहजता प्रदान गर्दछ । जिल्ला विकास समिति र विषयतग कार्यालयहरुले तथ्याङ्क र सुचना अभिलेखिकरणमा एकरुपता आउन सके मात्र विकासको सुचकहरुलाई वढी परिष्कृत गर्न सकिन्छ । यसका लागि स्थानीय निकाय लगायत सवै विषयगत कार्यालयहरु तथा गैससहरु सवैले डिपिमास अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तीव्रता दिन सिफारिस गरिन्छ ।

## अनुसुचीहरु

## अनुसुचीः १ सुचना संकलनको लागी तयार गरिएको प्रश्नावली

### सुचना संकलन फारमको नमुना (स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६७ अनुसार

काडमाण्डौ जि.वि.स.

मिति :

१. स्थानीय निकायको परिचय (बुंदागत रूपमा लेख्ने)
२. स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू (बुंदागत रूपमा लेख्ने) :
३. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू (बुंदागत रूपमा लेख्ने) :
४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकको रूपमा प्रस्तुत गर्ने) :
५.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **अ) महिला वालवालिका तथा समावेशी क्षेत्र** | | | |
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | | | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | | | |
| खोपमा पहुच भएको जनसंस्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | | | |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | | | |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | | | |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | | | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | | |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | | |
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | | | |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा | | | |

| | | | |
|---|---|---|---|
| उत्तिर्ण हुने दर | | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | | | |
| **खानेपानी र सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत<br>सौचालय भएको परिवार संख्या | | | |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | | |
| सौचालय भएको संख्या वा प्रतिशत | | | |
| सुधारिएको चुलो भएको परिवार संख्या | | | |
| **विविध** | | | |
| बाल बिवाहको संख्या | | | |
| सामाजिक बिकृति, विसंगति | | | |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | | | |
| | | | |
| **आ) जनचेतना तथा गरिवी निवारण** | | | |
| **गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | | | |
| बाल क्लवहरूको अवस्था | | | |
| महिला हिंशा | | | |
| रोजगारीको अवस्था | | | |
| स्वरोजगारका प्रयासहरू | | | |
| गरिवी निवारणका प्रयासहरू | | | |
| सामाजिक परिचालन | | | |
| वातावरण सुधारका प्रयासहरू | | | |
| | | | |
| **ई) विकासमा समान सहभागिता सेवाहरूमा पहुँच** | | | |
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य सेवा लिनेहरुको संख्या | | | |
| एच.आई.भि र एड्स | | | |
| स्थाई परिवार नियोजन गर्ने महिलाको संख्या | | | |
| स्थाई परिवार नियोजन गर्ने पुरुषको संख्या | | | |
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने महिला | | | |
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने पुरुषको संख्या | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| **शिक्षा** | | | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षमा पहुच | | | |
| | | | |
| **सामाजिक विकास** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | | | |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | | | |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | | | |
| संस्थागत क्षमता | | | |
| जनशक्ति | | | |
| नीति तथा कार्यक्रम | | | |
| भौतिक व्यवस्था | | | |
| समन्वय र सहकार्यका प्रयासहरू | | | |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | | |

५. गत वर्षमा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

६. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव (वुंदागत रूपमा लेख्ने) :

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम ( यदि सस्था भएमा) :
मितिः

अनुसूची- ३
(बुदा १०.३ सँग सम्वन्धित)
................विषयगत कार्यालय/गैर सरकारी संस्था
जिल्ला/ न.पा./गा.वि.स. ...............
सामाजिक परीक्षकको प्रतिवेदन
( बृहत छलफलमा प्रस्तुत गरिने)

१. विषयगत कार्यालय/ गैर सरकारी संस्था को नाम :

२. लक्ष्य
क.
ख.
ग.
घ.

३. मूख्य उद्देश्य बुंदागत रूपमा लेख्ने)
क.
ख.
ग.
घ.

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू (बुंदागत रूपमा प्रस्तुत गर्ने) :
क.
ख.
ग.
घ

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| | |
| | |
| | |
| | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :
क.
ख.
ग.
घ.

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने)
क.
ख.
ग.
घ.

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम ( यदि सस्था भएमा) :
मितिः

अनुसूची-४
(बुदा ११ सँग सम्बन्धित)
सामाजिक परीक्षकले सम्बन्धित स्थानीय निकायका प्रमुख समक्ष
पेश गर्ने प्रतिवेदनको ढाँचा

श्री
जिल्ला विकास समिति........,....... नगरपालिका,.............. गा.वि.स

१. पृष्ठभूमि
२. सामाजिक परीक्षणको उद्देश्य
३. अध्ययन विधि
४. अध्ययनको सीमा
५. बृहत् छलफल कार्यक्रमको विवरण
क) मिति : ख) स्थान : ग) समय :
६. स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण संलग्न राख्ने ( अनुसूची २ र ३ )
७. सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु ( बुँदागत रुपमा लेख्ने)
८. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु ( बुँदागत रुपमा लेख्ने)
९. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम (यदि सस्था भएमा) :
मितिः